राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– १०, असोज १० गते शुक्रबार, २०७६ (27 Sep., 2019) www.janajibro.com मूल्य रू. १०।–

# संविधान दिवसको शुभकामना !

## परिवर्तन उल्टाउने दिवासपना नदेख्न प्रचण्डको चेतावनी

■ जनजिब्रो संवाददाता—



**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नयाँ विचारको विकास गरी नेपाली मौलिकताअनुरूपको समाजवाद स्थापना गर्नु नै अबको राजनीतिक अभिभारा भएको उल्लेख गरेका छन् । अब यसरी अगाडि बढ्नुपर्ने अवस्थामा कसै-कसैले हालसम्मका परिवर्तन नै उल्टने र उल्टाउनुपर्ने चर्चा चलाइरहेकोतर्फ कटाक्ष गर्दै त्यस्तो दिवासपना नदेख्न उनले चेतावनी दिएका छन् ।

चौथो संविधान दिवसको अवसरमा शुभकामना सन्देश प्रेषित गर्दै पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष प्रचण्डले वर्तमान संविधानले प्रष्ट रूपमा समाजवादी व्यवस्थातर्फ अघि बढ्न मार्गप्रशस्त गरेकाले अब परिवर्तनको रक्षा र सुदृढ गर्दै समाजवादतर्फ अघि बढ्ने अठोट र संकल्प गर्नुपर्नेमा जोड दिएका छन् ।

स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा संविधान दिवसको उपलक्ष्यमा बधाई तथा शुभकामना व्यक्त गर्दै प्रचण्डले भनेका छन्- 'यस अवसरमा सर्वप्रथम जनताको त्याग र बलिदानबाट प्राप्त संविधानका खातिर जीवनोत्सर्ग गर्ने नेपाली आमाबुबाका सर्वोत्तम छोराछोरी महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा बेपत्ता भएका योद्धा र घाइते योद्धाहरूमा उच्च सम्मान प्रकट गर्दछु । यस संविधानका लागि

——क्रमशः अन्तिम पृष्ठमा

## 'नेकपा आफ्नै बाटोमा छ , किन रन्थनिए विपक्षी नेताहरू ?'

**काठमाडौं ।** सरकारका प्रवक्ता तथा सूचना, सञ्चार तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटाले विपक्षी नेताहरू त्यतिकै रन्थनिएको टिप्पणी गरेका छन् ।

उनले सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) आफ्नै पथमा रहेको र कतैतर्फ नढल्किएको बताएका हुन् ।

पछिल्ला मन्त्रिपरिषद बैठकका निर्णय सुनाउन सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै मन्त्री बाँस्कोटाले यस्तो भनेका हुन्, 'नेकपा नेकपा पथमै लागेको छ, कतैतिर ढल्केको छैन । कोहीकोही कति छटपटिएका हुन्न ? नेताहरू नै रन्थनिएको देख्छु ।'

पछिल्लो समय सत्तारुढ दल चिनियाँ नेता सि जिनफिङको विचारधारातर्फ लाग्यो भन्दै होहल्ला मच्चाउने विपक्षी नेताप्रति कट्टाक्ष गर्दै मन्त्री बाँस्कोटाले भने 'नेकपा कतातिर ढल्कनु पर्ने? नेकपा त नेकपातिरै लागेको छ ।'

## राष्ट्रपतिद्वारा समृद्ध नेपालका निम्ति काम गर्न आग्रह

**काठमाडौं ।** राष्ट्रपति विद्यादेवी भण्डारीले प्रेस काउन्सिल नेपालको ५०औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमबीच सरकारले अघि सारेको 'समृद्ध नेपाल सुखी नेपाली'को लक्ष्य पूरा गर्न सञ्चार जगत पनि लाग्नुपर्ने आग्रह गरेकी छन् ।

राष्ट्रपति भवन शीतल निवासमा आयोजित उक्त कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले स्वतन्त्र प्रेसको लक्ष्य पनि समुन्नत समाज निर्माण गर्नु नै भएकाले सरकारले अघि सारेको साझा लक्ष्य साकार पार्न सञ्चार जगतले योगदान पुऱ्याउनु पर्नेमा जोड दिएकी हुन् ।

वर्तमान विश्व समुदायका अवसर र सुनैतीसँगै मानव जातिको भविष्यसँग जोडिएका संवेदनशील विषयप्रति सञ्चार जगतले सकारात्मक भूमिका खेल्नुपर्ने

——क्रमशः अन्तिम पृष्ठमा

## 'माफिया वैधानिक र सरकार अवैधानिक हो ?'

### प्रधानमन्त्री ओलीलाई प्रकाश चन्दको मार्मिक पत्र



**काठमाडौं ।** पछिल्लो समय प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' का छोरा डा. प्रकाश चन्द मेडिकल शिक्षाका बेथितिहरू हटाउने आन्दोलनको अगुवाइ गरिरहेका छन् । चितवनमा डाक्टरी पढिरहेका प्रकाशसहित केही विद्यार्थीलाई सरकारले केही दिन अघि गिरफ्तार गरेको थियो । गिरफ्तारीमुक्त हुनासाथ उनी आफ्नो टोली लिएर मेडिकल शिक्षा क्षेत्र सुधार्ने अभियानमा ऐक्यबद्धता जुटाउन राजधानी आएका छन् ।

उनै प्रकाशले प्रधानमन्त्री केपी ओलीलाई सम्बोधन गरेर एउटा मार्मिक पत्र लेखेका छन् । प्रकाशले प्रधानमन्त्री ओलीको सुस्वास्थ्यको कामना गर्दै लेखे यस्तो पत्र- 'सम्माननीय प्रधानमन्त्रीज्यू, नमस्कार ।

तपाईंको सु-स्वास्थ्यको कामना । मेरो नाम प्रकाश चन्द । म अहिले चितवन मेडिकल कलेजमा एमबीबीएस इन्टर्नसिप गर्दैछु । वैचारिक हिसाबले म पनि एक सच्चा कम्युनिस्ट सेवक हुँ । पारिवारिक हिसाबले म 'प्रतिबन्धित' नेकपाका महासचिव

——क्रमशः अन्तिम पृष्ठमा

## अधिकारीको क्षेत्रमा गौतम नजाने



**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का प्रस्तावित केन्द्रीय उपाध्यक्ष एवं सचिवालय सदस्य वामदेव गौतमले मंसिर १४ मा हुने उपचुनावमा दिवंगत नेता रवीन्द्र अधिकारीको क्षेत्र (कास्की- २) मा आफू उम्मेदवार नबन्ने खुलाएका छन् ।

हालै राजधानीमा बसेको पार्टीको केन्द्रीय सचिवालयको बैठकमा आफूले कास्की- २ मा रिक्त रहेको प्रतिनिधिसभा सदस्यको उपचुनावमा उम्मेदवारी

——क्रमशः अन्तिम पृष्ठमा

## मार्क्सवादी दृष्टिमा मानव समुदाय र राष्ट्रियता

**समय-सन्देश**

**योगेन्द्र ढकाल**

मार्क्सवादी-लेनिनवादले मानव समुदायको विकास विभिन्न चरणहरू हुँदै आएको कुरा मान्दछ । अर्को भाषामा, वर्तमानमा हाम्रो अगाडि सबैभन्दा विकसित मानिसहरूको स्थिर जनसमुदाय, अर्थात् राष्ट्र छ, त्यो मानव समाजको विकासको पचासौं हजार वर्षको प्रतिफल हो । मानव समुदायको यो विशिष्ट र उच्चत्तर रूप कैयौं चरणहरू हुँदै यहाँसम्म आइपुग्यो । गोत्र मानव समुदायको सबैभन्दा प्राचीन रूप हो । गोत्र भनेको रगतको सम्बन्धले एउटै समुदायमा बाँधिएका मानिसहरूको परम्परा, गोत्रको आधारमा पछाडिको नाउँ, साझा भाषा, साझा चालचलन एवम् परम्परा, गोत्रभित्र विवाह तथा साझा स्वामित्व र समान वितरणमा आधारित साझा अर्थ व्यवस्था यसका मुख्य विशेषता हुन् ।

सामाजिक तथा आर्थिक आवश्यकताले मानव समुदायको यो गोत्र रूपलाई विकसित गऱ्यो । अघि बढेको सामाजिक-आर्थिक आवश्यकतालाई मानव समुदायको त्यस गोत्र रूपले पूरा गर्न नसक्ने भयो । गोत्र रूपमा कैयौं नयाँ आयाम जोडिनु पर्ने अनिवार्य बन्यो । त्यसका अभावमा मानव समाजको अघि बढाई नै अवरुद्ध हुन जान्थ्यो । त्यसै क्रममा, मानव समुदायको गणजातीय वा कविलाई चरण अस्तित्वमा आयो । एकभन्दा बढी सजातीय गोत्रहरूलाई, जसको भाषा र भूखण्ड एउटै हुन्छ, मानव समुदायको कविलाई स्वरूप भनिन्छ । सजातीय गोत्रहरू एकै ठाउँमा मिलेर बस्नु, रगत नाताको सम्बन्धको अतिरिक्त कुटुम्बहरू पनि एकैसाथ रहनु तथा एउटा साझा भाषा र साझा भूखण्ड हुनु, आदि यसका विशेषताहरू हुन् ।

समाजमा सामन्तवादको उन्मुलन र पुँजीवादको विकास प्रक्रिया (व्यापार, सञ्चार र ठूला शहरहरूको विकास) अघि बढ्नुको साथसाथै प्रजाति, नश्ल वा जातिका सदस्यहरू आफ्नो पुर्ख्यौली थलो, रक्त सम्बन्धको घेरा, भाषिक क्षेत्र, भूखण्ड, भावनात्मक सम्बन्ध र सांस्कृतिबाट छुट्टिए र जीविकाको खोजी, अध्ययन, अध्यापन, अनुसन्धान, आदिको क्रममा देशका विभिन्न ठाउँहरूमा गए, जहाँ मानिसहरूका बेग्लै समुदायहरू बसोबास गर्दथे, जोसित उनीहरूको न त रगतको सम्बन्ध नै थियो न भाषा, संस्कृति र भावनात्मक सम्बन्ध । पछि गएर तीमध्ये कतिपय तिनै स्थानहरूमा

——क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २५, अङ्क- १०, असोज १० गते शुक्रबार, २०७६

## सम्पादकीय

# संविधान दिवस : संविधानको 'श्रद्धा' कि 'श्राद्ध' ?

कसैप्रति सम्मान, आदर र मर्यादा गर्नुलाई 'श्रद्धा' भनिन्छ। त्यस्तै, दिवंगत पितृ (निधन भैसकेका बाबु-आमा, हजुरबा-हजुरआमा, इत्यादि) को निधन भएको तिथि पछ्याउँदै गरिने धार्मिक कर्मकाण्डलाई 'श्राद्ध' भनिन्छ। श्रद्धा वास्तविक जीवनका आधारमा गरिन्छ भने श्राद्ध चाहिँ विश्वास वा अन्धविश्वासका भरमा मात्रै गरिन्छ। श्रद्धाको जीवन-व्यवहारमै अर्थ हुन्छ भने श्राद्धको केवल विश्वास वा अन्धविश्वासमा मात्रै अर्थ हुन्छ।

यतिबेला नेपालमा संविधानबारे नानाथरी भजन-कीर्तन चलिरहेको छ। कसैले यसलाई विश्वकै सर्वोत्कृष्ट भनेका छन् त कसैले तुलनात्मक र सापेक्ष दृष्टिले सुन्दर ठानेका छन्। तर, ती कसैले पनि वास्तविक जीवन-व्यवहारमा संविधानको पूर्ण परिपालना भने गरेको वा गर्न प्रयास गरेको पाइँदैन। यसरी हेर्दा सबैले संविधानको श्रद्धा होइन, श्राद्ध चाहिँ गरेको भान हुन्छ। हुन त जीवितै रहेको संविधानको कसरी भयो श्राद्ध भन्ने प्रश्न पनि उठ्न सक्छ। तर, संविधानको आडमा लुटपाट मच्चाइरहेकाहरूको नजरमा संविधान जीवित होइन, मृत नै ठहरिने गरेको छ। त्यसैले नै उनीहरूले श्राद्ध गरिरहेका छन्।

संविधान, ऐन, कानुन, नियमावली, निर्देशन, निर्णय र नीतिहरू निरिह जनतालाई कज्याउने साधनका रूपमा प्रयोग होऊन्जेल तिनको श्रद्धा हुँदैन, श्राद्ध मात्रै भैरहन्छ।

## मार्क्सवादी...

(पुर्ख्यौली थलो, रगतको सम्बन्ध, भाषा, संस्कृति, भूखण्ड, भावनात्मक सम्बन्ध, आदि) को छिन्नभिन्नता जीविकाको खोजी, अध्ययन, अध्यापन, अनुसन्धान, आदिको क्रममा देशका विभिन्न भागहरूमा जाने र तीमध्ये कतिपय त्यही स्थानान्तरित हुने कारणबाट मात्र भएन, देशमा हुने सामाजिक-आर्थिक, राजनीतिक विकासले समाजमा विकसित हुने वर्ग-संघर्षको कारणले पनि त्यस्तो हुन गयो। यो स्थितिले समाजमा विकसित जनजातिहरूको बीच पारस्परिक सम्बन्ध र मिश्रित प्रकारको बसोबासको स्थिति पैदा भयो।

जातीय, जनजातीय घेरा तोडेर अन्तरजातीय-जनजातीय पारस्परिक वा मिश्रित सम्बन्धको विकासको स्वाभाविक परिणामको रूपमा देशमा राष्ट्रिय सम्बन्ध वा राष्ट्रियताको विकास भयो। त्यसरी विकसित हुने सम्बन्ध जातीय, जनजातीय विशेषको सम्बन्ध नभएर उनीहरूबीचको अन्तरघुलनबाट पैदा भएको नयाँ र ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार उच्चत्तर अवस्थाको प्रतीक हुन्छ। यो प्रक्रिया विश्वभरि एउटै रूपमा अघि बढेको पाइँदैन। कतिपय देशहरूमा त्यसले एउटै देशभित्र कैयौं राष्ट्रियता र राष्ट्रहरूलाई जन्म दियो र त्यहाँ विभिन्न राष्ट्रिय-राज्यहरूको निर्माण भयो भने अन्य कतिपयमा विकसित राष्ट्रियता एवं राष्ट्रहरू पुरानै राज्यीय सीमाभित्र नै रहे। मानव समुदायको त्यो विकास प्रक्रियामा कतिपय राष्ट्रियताले आफूलाई आर्थिक दृष्टिले एउटा पूर्ण राष्ट्रमा मजबूत गर्न र राजनीतिक दृष्टिबाट विकसित गर्न सकेनन्। पहिलेदेखि राज्यको लगाम समातेका प्रभुत्वशाली राष्ट्रका शासक वर्गको प्रतिरोधले नवोदित राष्ट्रियता एवं राष्ट्रहरूलाई पुरानै राज्यका सीमाभित्र बलजफ्ती राख्ने काम गऱ्यो।

पुँजीको अन्तर्राष्ट्रिय एकताको निर्माण, सामान्यतः आर्थिक, राजनीतिक, वैज्ञानिक, आदि जीवनका विभिन्न क्षेत्रमा पुँजीको अन्तर्राष्ट्रिय एकतापछि राज्यको सीमाभित्रको विभिन्न राष्ट्रियता र राष्ट्रहरूलाई जबरजस्ती राखेर मात्र पुँजीवादले आफ्नो अस्तित्व टिकाउन नसक्ने स्थिति पैदा भयो। पछिल्ला दिनहरूमा पुँजीवादको लागि राज्यको विस्तार गर्नु अनिवार्य बन्न पुग्यो औपनिवेशिक विजयद्वारा आफ्नो राज्यको विस्तार गर्नु अनिवार्य बन्न पुग्यो। औपनिवेशिक विजयद्वारा आफ्नो राज्यको विस्तार गर्नु आधुनिक पुँजीवादको आधारभूत चरित्र बन्न गयो। पुँजीवादको यो नयाँ विशेषताले राष्ट्रिय सवालमा अर्को एउटा महत्वपूर्ण आयाम जोड्यो। विश्व सर्वहारा वर्गलाई राष्ट्रिय सवालमा अर्को एउटा महत्वपूर्ण यो नयाँ विश्व परिस्थितिको विश्लेषण र तद् अनुरूप राष्ट्रिय सवालको एउटा सही समाधान लेनिन र स्टालिनले दिनुभयो। लेनिनवादले राष्ट्रिय समस्यालाई कुनै राज्य विशेषको आन्तरिक समस्या नमानेर पराधीन देश तथा उपनिवेशहरूका उत्पीडित जनतालाई साम्राज्यवादबाट मुक्त गर्ने अन्तर्राष्ट्रिय समस्याको रूपमा स्थापित गऱ्यो।

नेपालमा जातीय समस्याको समाधानको क्रममा अगाडि बढ्दा मानव समुदायको विकासको यो मार्क्सवादी-लेनिनवादी विश्लेषणलाई हमेशा ध्यान दिनु जरुरी छ। हिन्दी, नेपाली भाषामा अङ्ग्रेजीको नेशन शब्दको अनुवाद जाति वा राष्ट्र दुवै रूपमा प्रयोग गरिने भए पनि हाम्रो देशको परिप्रेक्ष्यमा सारतत्वका दृष्टिबाट यी दुई शब्द एउटै हुन सक्दैनन्। राष्ट्र एउटा निश्चित युगको, सामन्तवादको उन्मुलन र उदीयमान पुँजीवादी युगको ऐतिहासिक प्रवर्ग हो।

पुँजीवादको उदयपूर्व यसप्रकारको मानव समुदाय अस्तित्वमा थिएन। जाति एउटा व्यापक शब्द हो। उदीयमान पुँजीवादी युगको ऐतिहासिक प्रवर्गको रूपमा अस्तित्वमान मानव समुदायको उच्चत्तर रूप राष्ट्रलाई बुझाउन मात्र होइन, नेपालजस्तो बहु प्रजातीय बहु नश्लीय वा बहु जातीय देशको सम्बन्धमा पनि जाति शब्दको प्रयोग गर्न सकिन्छ।

यहाँ मुख्य सवाल शब्दलाई जाति र राष्ट्र भनेर समान रूपमा प्रयुक्त गरिएको छ वा छैन भन्ने होइन। मुख्य सवाल हाम्रो देशमा मानव समुदायहरू राष्ट्रको रूपमा विकसित समुदायहरू हुन् कि प्रजातीय, नश्लीय वा जातीय समुदायहरू हुन्? मुख्य सवाल हाम्रो देशका मानव समुदायहरू राष्ट्रियताको विकास प्रक्रियाबाट अघि बढिसकेका उदीयमान पुँजीवादी युगका ऐतिहासिक प्रवर्ग हुन् वा होइनन् भन्ने हो। (क्रमशः आगामी अंकमा)

## संविधान...

परिवार संख्यामा रहेका वीमितहरूको संख्या २१ लाख ९५ हजार ३ सय ८८ पुगेको छ। आर्थिक वर्ष २०७४/७५ को माघ मसान्तसम्म २५ जिल्लाका २ सय २९ स्थानीय तहमा सञ्चालन भएको यस कार्यक्रम हाल ४८ जिल्लाका ४ सय ७१ स्थानीय तहमा विस्तारित भएको छ।

- विद्यालय जाने उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भएको स्थानीय तहको सङ्ख्या १ सय २७ पुगेको छ। यस वर्ष विद्यालय जाने उमेर समूहका बालबालिकामध्ये थप ३ लाखलाई विद्यालय भर्ना गरिएको छ। र, कक्षा १ देखि १० सम्मका सबै ५६ लाख ३८ हजार बालबालिकालाई शैक्षिक वर्षको शुरूमा नै पाठ्यपुस्तक उपलब्ध गराइएको छ।
- वर्तमान सरकार गठन हुनु अगाडि मुलुकका ४३ जिल्ला पूर्ण साक्षर जिल्ला घोषित भएकोमा यो सरकार गठन भएपछि ५१ जिल्ला साक्षर घोषणा भएका छन्। थप १ हजार माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट देशभरिका ६ सय ४६ स्थानीय तहमा १ लाख ८८ हजार ३४६ जनालाई औसत १३ दिनका दरले जम्मा २३ लाख ४३ हजार १३६ दिनको रोजगारी उपलब्ध गराइएको छ।
- श्रमिकहरूको वैदेशिक रोजगारी सुलभ, सुरक्षित र मर्यादित तुल्याउनशून्य लागतको सिद्धान्त बमोजिम मलेशिया, संयुक्त अरब इमिरेट्स तथा मौरिससँग द्विपक्षीय श्रम सम्झौता र समझदारी गरिएको छ। सून्य लागतमा मलेशियामा रोजगारीमा जाने श्रमिकहरूले मलेशियाकै श्रमिकहरू सरह न्यूनतम तलव, स्वास्थ्य तथा दुर्घटना बीमा सुविधाको ग्यारेन्टी भएको छ। जापानका नागरिकले पाउने सरहको सुविधा नेपाली श्रमिकले पाउने गरी जापानसँग द्विपक्षीय श्रम समझदारी गरिएको छ।
- यसै आर्थिक वर्षबाट श्रमिकहरूको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनमा आएको छ। गत वर्षको मंसीर १४ गतेबाट शुरु गरिएको सामाजिक सुरक्षा कार्यक्रममा हालसम्म सूचिकृत करिब ५ हजार रोजगारदातासँग कार्यरत ६६ हजार ४ सय ९योगदानकर्ता श्रमजीवीहरू सामाजिक सुरक्षा कोषमा आवद्ध भइसकेका छन्।
- वर्तमान सरकार गठन भएपछि जारी भएका ४३ वटा ऐन मार्फत २०१ वटा ऐनहरू संशोधन भएका छन्, १३ वटा ऐनहरू खारेज भएका छन्। ५ अध्यादेश जारी भएका छन्। ४२ वटा विधेयक संसद्मा दर्ता भई विचाराधीन छन्।
- सिण्डिकेट सदाको लागि अन्त्य गरी काठमाडौं उपत्यकाको सार्वजनिक यातायात प्रणालीमा सुधार गर्न सार्वजनिक यातायात प्राधिकरण गठन गर्ने विधेयक सङ्घीय संसदमा विचाराधीन छ।
- आम नागरिकको सुविधाको लागि विद्युतीय वसछिट्टै सञ्चालन हुँदैछ। सरकारले साझा यातायात मार्फत काठमाडौ उपत्यका र प्रदेशका मूख्य शहरहरूमा तीन सय वटा विद्युतीय वस खरीद गरी सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ।
- जटिल मानिएको कर्मचारी समायोजन कार्य सम्पन्न भएको छ। स्थानीय तहकोस्वीकृत ६६ हजार ९ सय ८ दरबन्दीमा अपुग भएको २३ हजार १ सय १ पदहरू मध्ये ५ सय १५ स्थानीय तहका निम्ति १३ हजार ६ सय ४५ पदमा स्थायी पदपूर्ति गर्न लोकसेवा आयोगको परीक्षा सम्पन्न भएकोछ। परीक्षाको नतिजा प्रकाशन अन्तिम चरणमा रहेको छ। प्रदेशहरूमा स्वीकृत २१ हजार ३ सय ९९ पदहरू मध्ये १३ हजार ८ सय २१ पदमा कर्मचारी समायोजन भइसकेका छन्। रिक्त पदमा पदपूर्तिको प्रक्रियाका लागि प्रदेश लोकसेवा आयोग गठन भइ कार्यारम्भ गररिएको छ।
- जापानसँग नेपालको सीधा हवाइ सम्पर्क पुनःस्थापना भएको छ। नेपाल भ्रमण वर्ष २०२० को तयारी तीव्र रूपमा भइरहेको छ।
- दक्षिण एसियाली खेलकूद प्रतियोगिताकोलागि पूर्वाधार तयारी अन्तिम चरणमा पुगेको छ।
- पहिलो पटक नेपालमा कम्युनिस्ट पार्टीको सरकारले मासिक १०० रूपैयाँबाट शुरु गरेको सामाजिक सुरक्षा भत्तालाईप्रति महिना ५ हजाररूपैयाँ पुऱ्याउने प्रतिबद्धताअनुरूप २०७६ साउनबाट ३ हजार रूपैयाँ पुँयाइएको छ।
- यस अवधिमा विभिन्न आठ मुलकका सरकार तथा राष्ट्र प्रमुखहरूले नेपालको औपचारिक भ्रमण गर्नुभएको छ। सम्माननीय राष्ट्रपतिज्यूबाट विभिन्न चार मुलुक, सम्माननीय उपराष्ट्रपतिज्यूबाट दुई मुलुकहरूको औपचारिक भ्रमण सम्पन्न भएको छ। प्रधानमन्त्रीबाट १० औपचारिक भ्रमण समपन्न भएका छन्। ३९ देश तथा संस्थाहरूको सहभागितामा लगानी सम्मेलन सम्पन्न भएको छ।
- यी भ्रमणहरूले हाम्रो परराष्ट्र सम्बन्ध थप सुदृढ गर्न महत्वपूर्ण योगदान गरेको छ। हाम्रो छिमेक सम्बन्ध सुदृढ भएको छ। 'सबैसँग मित्रता, कसैसँग रहन्न शत्रुता'को नीतिअनुरूप हासिल हाम्रो कूटनीतिक सफलताले नेपाल अब विश्व मानचित्रमा 'देखिन र सुनिन' थालेको छ।
- परराष्ट्र मन्त्रालयले विदेशमा रहेका नेपालीहरूको ज्ञान र सीप नेपालको विकासमा परिचालन गर्न 'ब्रेनगेन सेन्टर' को स्थापना गरेको छ।
- सार्वजनिक खरिद व्यवस्थापनलाई प्रभावकारी र पारदर्शी वनाउन र ठेक्का लिएर लामो समयसम्म काम नगर्ने ठेकेदारका लागि निश्चित समय थप गरिदिंदा समेत कामसम्पन्न नगरेको अवस्थामा कारबाही गर्नेगरी सार्वजनिक खरीदसम्वन्धी नियमावली संशोधन गरिएको छ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सक्रियताका साथ भ्रष्टाचारविरुद्धको कारवाही अघि बढाइरहेको छ। अपराधीहरू, देशभरिका भू-माफियाहरू, राजश्व ठग्नेहरू, तस्कर र भ्रष्टहरूका विरुद्ध कतै नियमित प्रशासनिक प्रक्रियाबाट, कतै स्ट्रिङ अपरेशन मार्फत निर्मम कार्वाही शुरु गरिएको छ। यो सरकार गठन भएदेखि हालसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न कसुरमा ५ सय ४० विरुद्ध रू. ४ अर्ब २५ करोड बिगो माग दाबी गरी मुद्दा चलाइएको छ।
- राजश्व चुहावट र विदेशी विनिमय अपचलन तथा अवैध हुण्डी कारोवारको कसुरमा ५ सय ६८ जना उपर रू. १४ अर्ब ६९ करोड ३८ लाख मागदाबीसहित मुद्दा दायर गरिएको छ।

**दिदीबहिनी तथा दाजुभाइहरू,**

- हामीले अघिल्लो आर्थिक वर्षलाई समृद्धिको आधार वर्ष भनेका थियौं। कानूनहरू बने, जनशक्ति विन्यास भए। स्रोतको न्यायोचित वितरण भयो। तीनवटै तहमा सरकार सञ्चालनकालागि आवश्यक न्यूनतम भौतिक संरचना निर्माण भए। विकासकालागि आधार बनेको छ- कतै जग हालिएको छ, कतै पहिलो वा दोस्रो तल्ला थपिएको छ। विकासका लागि आवश्यक अरु तल्लाहरू थपिने छन्, थप्दै/थप्दै अघि बढिने छ।
- भन्नकै लागि त भन्न सकिन्छ नि- खै त रेल, खै त पानी जहाज ? कहाँ छ सुरुङ्ग खनेको ? कता छ सतह जलमार्गमा मालवाहक सवारी कुदेको ? अझै जोड दिएर सोध्न सकिन्छ- हामीलाई सपना किन देखाएको ? हामीमा आशा किन जगाएको ?
- म बिनम्रताका साथस्वीकार्छु- हो, मैले मुर्छित सपनामाथि पानी छम्केकै हुँ। मैले भनेको हुँ- निदाएको बेलामा देख्ने सपना हैन, ब्युँझिएको बेलाको सपना देखौं।
- कुनै देश जब भविष्यप्रति आशावादी हुन्छ, सुन्दर भविष्यको सपना देख्छ, राम्रा दिन, सुदिनहरू आँउछन् भन्ने विश्वास गर्छ, तब नै त्यो देश बाँच्न सक्छ। तब नै त्यस देशले काम गर्न सक्छ, मिहेनत गर्नसक्छ। मेरो काम मुर्छित सपनाहरूलाई जगाउनु र तिनिहरूप्रति विश्वास बढाउनु थियो। र, ती विश्वास साकार पार्न हरेकले प्रयास गरुन्, जसबाट देश विकास सम्भव बनाउन सकिन्छ, समाज विकास सम्भव बनाउन सकिन्छ भन्ने थियो। मैले त्यही नै कोसिस गरेको थिएँ।
- म वा मेरो दल, हामीहरू कोही पनि फगत सपनाका सौदागार थिएनौं। सकियो, भत्कियो, अब हुन्न भन्ने मनस्थिति फेर्न र अब चाँहि केही हुन्छ भन्ने विश्वास जगाउन नै मैले र तत्कालीन समयको हाम्रो गठबन्धनका नेताहरूले 'चुनावपछि केही हुन्छ' भन्ने आम जनतामा आशा सञ्चार गरेका थियौं। तपाईंहरूले हामीलाई, हाम्रो प्रतिबद्धतालाई विश्वास गर्नुभयो, बलियो बहुमत दिनुभयो। धन्यवाद भन्न चाहन्छु र आज म फेरि एकपटक सेवाको लागि मौका दिनु भएकोमा हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु।

**दिदीबहिनी तथा दाजुभाइहरू,**

- धैरै पटक भनेको छु, मैले मृत्युलाई नजिकैबाट देखेको छु। जनबोलीमा भन्नुपर्दा पटक-पटक मरेर बाँचेको छु। म जस्तै मेरो टिममा रहेका धैरै साथीहरू यस्तै नाफाको जिन्दगी बाँची रहनुभएको छ।
- मैले आफैँसँग पटक-पटक प्रश्न गर्ने गरेको छु- आधा शताब्दीअघि कलिलै वयमा आफ्ना दौंतारीहरूसँगै घरबार छोडेर हिंडेको केका लागि ? र, जवाफ पाउने गरेको छु- मुलुक बनाउनका लागि। तपाईं हाम्रा साझा सपना पूरा गर्नका लागि। यी सबै संघर्षहरूमा मेरो संलग्नता कुनै दिन प्रधानमन्त्री पदको विज्ञापन खुल्ला र निवेदन गरौंला भनेर किमार्थ थिएन।
- राष्ट्रिय दिवसको यस अवसरमा म फेरि प्रतिबद्धता जाहेर गर्छु, मुलुकले काँचुली फेर्छ, हाम्रा सपनाहरू पूरा हुन्छन्- हुन्छन्। यस अभियानको नेतृत्वमा अहिले म छु।
- धैर्य गरौं- अढाई शताब्दीदेखि खजमजिएको थिति, अढाई वर्ष नपुग्दै दुरुस्त किन भएन भन्नेजस्ता प्रश्नहरूमाथि एकचोटि

क्रमशः अन्तिम पृष्ठमा

# संविधान दिवस : प्रम ओलीको सम्बोधनको पूर्णपाठ

*मुलुकमा नयाँ संविधान जारी भएको चार वर्ष पूरा भएर पाँचौं वर्षमा प्रवेश गरेको अर्थात संविधान दिवस तथा राष्ट्रिय दिवस समारोहमा प्रधानमन्त्री ओलीले दिइएको मन्तव्यको पूर्णपाठ-*

- लामो संघर्ष र बलिदानपछि पाँच वर्षअघि आजकै दिन हामीले नेपालको संविधान जारी गरेका थियौं। जनताका आफ्नै प्रतिनिधिहरूद्वारा लेखिएको मूल कानून-संविधान जारी गरी भएको यस ऐतिहासिक दिनको सन्दर्भमा सर्वप्रथम म, नेपाल सरकार तथा आफ्नो तर्फबाट यहाँहरू सबैमा पाँचौं संविधान दिवस एवं राष्ट्रिय दिवसको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।
- उत्साह र उत्सवको यो उल्लासमय अवसरमा सम्पूर्ण ज्ञात/अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु। आन्दोलनका क्रममा बेपत्ता भएका, बेघरबार, शारीरिक, मानसिक एवं पारिवारिकरूपमा क्षति व्योहोरी मुलुकलाई विधिको शासनमा बाँध्न अतुलनीय योगदान गर्नुहुने सम्पूर्ण देशवासीप्रति हार्दिक आदरभाव व्यक्त गर्दछु।
- एक महीना पहिले संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समितिको पहिलो बैठकमा मैले भनेको थिएँ-यस वर्षबाट संविधान दिवसलाई सरकारी वा राजकीय दिवस जस्तो हैन, आम नेपाली जनताको उत्सवको रूपमा धुमधाम साथ मनाउनु पर्छ। यस दिवसले औपचारिकता निभाउने मात्र हैन, सारा नेपाली मनमा उत्सवको भावना सिर्जना गर्नुपर्छ।
- त्यस्तो दिवस, जसको प्रतीक्षामा हामी नेपाली सात दशकदेखि संर्षरत थियौं,
- त्यस्तो दिवस, जसले नेपाली जनसंख्याको सयौं थुङ्गा फूलहरूलाई एउटै मालामा उनी विविधतामा रहेको एकताको सन्देश प्रवाह गरेको थियो,
- त्यस्तो दिवस, जुन दिन आम नेपालीहरू दशकौंको संघर्षको प्रतिफल लिपिबद्ध गर्न सफल भएको खुशीयालीमा उत्सव मनाइरहेका थिए। र, यसपछि लगातार शुरु हुने चाडपर्वको प्रतीक्षामा थिए।
- त्यसैले, असोज ३ गते आज, हाम्रो संविधान दिवस हो, हामी नेपालीहरूको राष्ट्रिय दिवस हो। चाडवाडको रूपमा सबैभन्दा ठूलो चाड हो। तीनवटै तहमा क्रियाशील हाम्रा ७६१ सरकारहरूको सक्रियतामा सिङ्गो मुलुकभरि नै मनाइँदै गरेको एकता दिवस हो।
- दशकौंसम्म संघर्षमा हेलिएकाहरू जसले पीडा भोलेका छन्/बुझेका छन्, तिनका लागि आजको दिन गौरवगाथाले भरिएको दिवस हो। पारिवारिक बिछोड, उत्पीडन र छटपटीबाट उन्मुक्ति पाएका सबै नेपालीका लागि आजको दिन, स्वतन्त्रता दिवस पनि हो-प्राप्त उपलब्धिप्रति गर्व गर्ने उत्सव हो। त्यसैले यो हाम्रो राष्ट्रिय दिवस, न त फगत तामझाम हो, न आम जनतामा अरुचि हुने निरङ्कुश शासकहरूको 'उर्दी र तामेली' जस्तो हो।

**देशवासी दिदीबहिनी, दाजुभाइहरू,**

- गएको वर्ष राष्ट्रिय दिवसको अवसरमा मैले आजको दिनलाई आधुनिक नेपालको इतिहासको महत्त्वपूर्ण 'बेञ्च-मार्क' भनेको थिएँ। संविधानका धारा र दफाहरूका बारेमा चर्चा गरेको थिएँ। संविधान प्राप्तिका लागि हामीले लडेको सात दशक लामो संघर्ष र सफलतालाई सङ्क्षेपमा उल्लेख गरेको थिएँ। र लोकतन्त्र तथा लोकतान्त्रिक प्रणालीप्रतिको निष्ठा, गतिशीलताप्रतिको प्रतिबद्धता व्यक्त गरेको थिएँ।
- त्यस्तो निष्ठा, जहाँ वंशानुगत/जन्मजात श्रेष्ठता जस्तो अलोकतान्त्रिक प्रणालीलाई कुनै स्थान हुन्न।
- त्यस्तो गतिशीलता, जहाँ प्राप्त अधिकारलाई व्यवहारमा प्रयोग गरिन्छ। संविधानको कुन भाग, धारा वा दफामा के-कति अधिकार

## – दस्तावेज –

### प्रधानमन्त्री केपी शर्मा ओली

रह्यो वा रहेन जस्ता विषयमा अल्झिने भन्दा जुन बेला जे मिल्दैन, जुन अग्रगतिका अघि तगारो बन्छ, त्यसलाई त्यहीबेला विधिसम्मत ढङ्गले मिलाउँदै/पन्छाउँदै अघि बढिन्छ।

- त्यतिखेर मैले संविधानले आत्मसात गरेका हाम्रा राष्ट्रिय आकाङ्क्षा र लक्ष्यबारे चर्चा गरेको थिएँ। 'समृद्ध नेपाल, सुखी नेपाली'को हाम्रो राष्ट्रिय आकाङ्क्षा, पछि परेको नेपाली समाजलाई रूपान्तरण गर्न तपाईं/हामीले संयुक्तरूपमा देखेको, पूरा हुने र पूरा गर्नै पर्ने सपना भएको उल्लेख गरेको थिएँ।
- आज म ती प्रतिबद्धतालाई पुनः एकपटक दोहोऱ्याउने अनुमति चाहन्छु। र सरकार सञ्चालनको १८ महीनामा भएका उपलब्धिको सङ्क्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु।
- आर्थिक वर्ष २०७५/७६ मा यस दशककै ७।१ प्रतिशतको उच्च आर्थिक वृद्धि हासिल भएको छ। सबै आर्थिक क्षेत्रको वृद्धिदर ५ देखि ९ प्रतिशतको बीचमा रहेको छ। र सवै प्रदेशहरूको आर्थिक वृद्धिदर पनि ६ देखि ८ प्रतिशतको बीच छ। यसरी यो वृद्धि क्षेत्रगत र प्रादेशिक दुवै रूपमा सन्तुलित र समतामूलक छ। यसले सङ्घीयता कार्यान्वयनको पहिलो चरणमा नै मुलुक समतामूलक विकास र समृद्धिको को मार्गमा अघि बढेको सङ्केत मिलेको छ।
- आर्थिक वर्ष २०७५/७६ मा निर्यात वृद्धि १९।४ प्रतिशतले भएको छ भने आयातको वृद्धि १३।९ प्रतिशतमा सीमित गरिएको छ। निर्यातमा भएको यो वृद्धि एक दशकमा पहिलोपटक भएको उच्च वृद्धि हो।
- भूकम्प तथा सीमा क्षेत्रमा भएको नाकाबन्दीको वर्षबाहेक विगत एक दशकमा आयातको औसत वृद्धिदर २३ प्रतिशत थियो।
- आर्थिक वर्ष २०७५/७६ मा राजश्व संकलनमा २२.६ प्रतिशतले वृद्धि भएको छ।
- यस अवधिमा बैंकहरूको कर्जा विभिन्न क्षेत्रमा उल्लेखनीय मात्रामा विस्तार भएको छ। जस्तो कि कृषि कर्जामा- ४२.५ प्रतिशत, औद्योगिक कर्जामा- २०.३ प्रतिशत, निर्माण क्षेत्रको कर्जामा-२२.२ प्रतिशत र यातायात तथा सार्वजनिक क्षेत्रको कर्जामा-३२.८ प्रतिशतले वृद्धि भएको छ।
- यस अवधिमा विभिन्न सात प्रकारका कर्जाहरूलाई सहुलियतपूर्ण ऋण तथा व्याज अनुदान उपलब्ध गराइएको छ। यस कार्यक्रमबाट हालसम्म १८ हजार २९५ जनालाई रू. ३२ अर्ब ८२ करोड ऋण उपलब्ध गराई रु १ अर्ब ५६ करोड व्याज अनुदानसमेत वितरण गरिएको छ।
- स्थानीय तहमा वाणिज्य बैंकहरूका शाखा ७३७ पुगेको छ। मेरो नेतृत्वको सरकार निर्माण हुँदा यसको संख्या जम्मा ३९४ थियो। बैंकहरूका शाखा ५ हजार ८३७ बाट डेढ वर्षमा नै ५१ प्रतिशतले वृद्धि भई ८ हजार ८०५ पुगेको छ।
- 'समृद्धिसँग जोडौं नाताः सबै नेपालीको बैंक खाता' नारामा २०७६ बैशाख १ गतेबाट शुरु गरिएको 'खोलौं बैंक खाता' अभियानअन्तर्गत हालसम्म १ लाख ६५ हजार ६२२ जनाको बैंक खाता खोलिएको छ।
- संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कामको वाँडफाँड, राजश्व वाँडफाँड तथा अनुदान वितरण सम्वन्धी सुत्र ६ सय ३५ वटा स्थानीय तहमा कार्यान्वयनमा आएको छ।
- नेपालले डेढ वर्षको अवधिमा नै संघीयता कार्यान्वयनको महत्त्वपूर्ण पाटो वित्तीय सङ्घीयताको व्यवस्थापन सहज रूपमा गरेको छ। प्रदेश र स्थानीय तहको स्रोत व्यवस्थापन राजश्व बाँडफाँट तथा खर्च प्रणाली व्यवस्थित भएको छ। आय/व्यय र निकासाको प्रतिवेदन विद्युतीय प्रणालीवाट हुने व्यवस्था कार्यान्वयनमा आएको छ। हाम्रो लागि यो असाधरण सफलता हो र नेपालको वित्तीय सङ्घीयताको शीघ्र कार्यान्वयन बाँकी विश्वको लागिसफल उदाहरण हो।
- यसै आर्थिक वर्षदेखि शुरु गरिएको भेहिकल/कन्साइनमेन्ट ट्र्याकिङ प्रणालीमा ३० हजारभन्दा बढी फर्महरू जोडिइसकेका छन्। यसबाट राजश्व चुहावट नियन्त्रण गर्न मद्दत पुग्नेछ।
- भूकम्पपछि बन्द भएको तातोपानी नाकाबाट आयात निर्यात सुचारु भएको छ। सिन्धुपाल्चोकको लार्चास्थित सुक्खा बन्दरगाह यसै अवधिमा निर्माण भई सञ्चालनमा आएको छ।
- टेलिप्रिजेन्सको माध्यमवाट राष्ट्रिय गौरवका परियोजनाको प्रत्यक्ष अनुगमन गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको छ।
- सार्वजनिक सेवाको आधुनिकीकरणका लागि राष्ट्रिय परिचयपत्रको वितरण कार्यप्रारम्भ भएको छ। विद्युतीय सार्वजनिक सेवामार्फत सुरक्षा तथा प्रहरी प्रशासन, भूमि व्यवस्था, यातायात प्रशासन, औद्योगिक सेवा, राजश्व प्रशासन, न्याय प्रशासन, अध्यागमन तथा राहदानी, एकीकृत नागरिक एप्स र विद्युतीय मतदानको प्रणाली सञ्चालनको तयारी पूरा भएको छ।
- मुलुकका ८९ मालपोत कार्यालयबाट विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने कार्य थालनी भएको छ।
- अघिल्लो आर्थिक वर्षमा करीब एक हजार ६०० किमी कालोपत्र सडक निर्माण भएको छ। २४३ सडक पूलहरूको निर्माण कार्य सम्पन्न भएको छ।
- यस वर्ष एक हजार मेगावाट विद्युत उत्पादन गर्नेगरी विद्युत र नविकरणीय ऊर्जाका परियोजनाहरू सञ्चालनमा रहेका छन्। यो सरकार गठन हुँदा कायम रहेको प्रतिव्यक्ति ऊर्जा खपत वृद्धि भई ११० किलोवाट प्रतिघण्टाबाट २४५ किलोवाट प्रतिघण्टा पुगेको छ।
- यस अवधिमा मुलुकका ७ हजार ३ सय ७७ हेक्टर थप भूभागमा वृक्षारोपण गरिएको छ। आर्थिक वर्ष २०७५/७६ को एकै वर्षमा मात्र ४ हजार १ सय हेक्टर नयाँ क्षेत्रमा वृक्षारोपण भएकोछ। योवृक्षारोपण अघिल्लो वर्षको तुलनामा १४१ प्रतिशत वढी हो। वृक्षारोपण भएका क्षेत्रमा फलफूलका मात्र ४५ लाख विरुवा रोपिएका छन्।
- यसै अवधिमा थप ३ हजार ७ सय हेक्टर भूमिमा सिंचाइ सुविधा विस्तार गरिएको छ।
- भूकम्पबाट क्षति भएका ४ लाख ९२ हजार निजी घर, ५ हजार विद्यालय र ६ सय ६५ वटा स्वास्थ्य चैकीको पुनर्निर्माण कार्य सम्पन्न भैसकेको छ।
- बारा र पर्साका चक्रबातीय आँधी पीडितहरूका लागि ८ सय ६९ घर निर्माण गरी हस्तान्तरण गरिएको छ।
- दक्षिण एशियाकै पहिलो अन्तरदेशीय पाइपलाइनको रूपमा मोतिहारी-रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन, यो सरकार बनेपछि शिल्यान्यास भइहाल निर्माण सम्पन्न भएको छ। गत भदौ २४ गते नेपाल तथा भारतका प्रधानमन्त्रीद्वारा संयुक्त रूपमा उद्घाटन गरीयसलाई सञ्चालनमा ल्याइएको छ।
- वर्तमान सरकारको कार्यकालमा स्वास्थ्य वीमाको दायरामा आउने नागरिकको संख्या तीन गुणाले वृद्धि भएको छ। ७ लाख ८४ हजार

——क्रमशः दोस्रो पृष्ठमा



# चाडपर्वमा 'ओभरटेक' निषेध

**काठमाडौं ।** यात्रु र सवारीको ज्यादै नै चाप हुने चाडपर्वमा हुनेसक्ने दुर्घटनालाई लक्षित गर्दै ट्राफिक प्रहरीले सार्वजनिक तथा निजी सवारी साधनलाई बिहान, दिउँसो, साँझ र राती चेक जाँच गरी र 'ओभरटेक' निषेध गर्ने गर्ने भएको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्न निजी तथा सार्वजनिक सवारी साधनको दिनमा चार पटकसम्म विशेष जाँचको व्यवस्था गर्न लागेको हो ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालका अनुसार सवारी साधन विशेष जाँचका लागि थप चारसय तीस जनशक्ति थप गरिएको छ । 'हाल ३ सय ६८ स्थानमा नियमित जाँचका लागि ७ सय ५० जनशक्ति परिचालन गरिएकामा चाडपर्वलाई लक्षित गरेर ४ सय ३० जनशक्ति थप गरेका छौं' उनले भने ।

नागढुंगा, कलंकी, स्वयम्भु, माछापोखरी, नयाँ बसपार्क, चाबहिल, गौशाला, कोटेश्वर, जगाती, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा, पुरानो बसपार्कलगायतका स्थानमा विशेष जाँचको व्यवस्था गरेको छ । मादक पदार्थ सेवन गरे-नगरेको, लामो दुरीका सवारी साधनमा दुई चालक भए-नभएको, सवारी साधनभित्र भाडादर राखे-नराखेको, मोटरसाइकल चालकले हेल्मेट प्रयोग गरे-नगरेको, क्षमताभन्दा धेरै यात्रु वा सामान राखे-नराखेको लगायतका कुरा ट्राफिक प्रहरीले हेर्नेछन् ।

महाशाखाले तीव्र गतिमा सवारी साधन चलाउने चालकलाई समेत कारबाही गर्ने उल्लेख गरेको छ । यस्तै नेपालीहरूको महान् पर्व बडादसैंको अवसरमा झन्डै २५ लाख यात्रु बाहिरिने भएकाले उनीहरूलाई सुरक्षित गन्तव्यसम्म पुऱ्याउन यातायात व्यवसायी गम्भीर भएर लागेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाले बताए ।

सोही क्रममा चाडपर्वलाई लक्षित गरी यातायात व्यवस्था विभागले सञ्चालनमा ल्याएको यात्रु सहायता कक्षमा समेत ट्राफिक प्रहरी खटाइने महाशाखा प्रमुख ढकालले जानकारी दिए । नयाँ बसपार्कबाट उपत्यका बाहिरिने सम्पूर्ण सार्वजनिक सवारी साधनको यान्त्रिक परीक्षण समेत गरिने भएको छ ।

'नयाँ बसपार्कबाट छुट्ने अधिकांश सार्वजनिक सवारी साधनलाई परीक्षण गरेर उपत्यका बाहिर पठाउँछौं,' यान्त्रिक परीक्षणसँगै सम्भावित दुर्घटनामा कमी आउने नयाँ बसपार्क सञ्चालनको जिम्मेवारी पाएको ल्होत्से बहुउद्देशीय प्रालिका अध्यक्ष इञ्जिनियर दीपक कुँवरले बताए ।

यात्रु, चालक तथा सहचालकलाई लक्षित गरेर सवारी साधन छुट्नुभन्दा अगाडि संस्कार समाज नेपालको सहकार्यमा महाशाखाले निर्माण गरेको जनचेतनामूलक असल संस्कारसम्बन्धी अडियोको एक हजार थान पेनड्राइभ वितरण गरिने महाशाखाले जनाएको छ ।

यस्तै चाडपर्वको समयमा थानकोट-नागढुंगा सडकखण्डमा सवारी चलाउँदा ओभरटेक गर्न नपाइने समेत व्यवस्था मिलाइएको छ ।

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी प्रधान कार्यालयबाट 'ऱ्याकर' (बिग्रेका सवारी तान्ने साधन) को व्यवस्था गरिदिएको र त्यसको मद्धतबाट कुनै पनि सवारी साधन बिग्रेमा तत्काल तानेर बाटो खुलाउन सकिने छ । ऱ्याकरको प्रयोगले विगतमा जस्तो कलंकी-नौबिसे सडकखण्डमा सवारी साधन बिग्रेर घन्टौंसम्म जाममा पर्नुपर्ने बाध्यताको अन्त्य हुने पनि बताइएको छ ।

महाशाखाले चाडपर्वका बेला उपत्यकाको ट्राफिक व्यवस्थापनलाई चुस्त-दुरुस्त बनाउन आइतबारदेखि ५ सय ट्राफिक स्वयंसेवक सडकमा खटाउनुका साथै राष्ट्रिय युवा परिषद् र युएन नेपालको सहकार्यमा स्वयंसेवक परिचालन गरिएको समेत बताएको छ ।

# सीको 'एक दल एक मुलुक' नीति नेपालमा नफाप्दैन : कांग्रेस

**काठमाडौं ।** छिमेकी चीनले विश्वभर आफ्नो प्रभाव बढाउँदैछ । यही बेला चिनियाँ कम्युनिस्ट पार्टीसँग सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले लिएको 'प्रशिक्षण' लाई कूटनीतिज्ञहरूले 'अर्थपूर्ण' र 'असंलग्नताको अन्त्य' भनेका छन् ।

नेपाल उदाउँदा दुई आर्थिक शक्तिका बीच रहेकाले कूटनीतिक संवेदनशीलतामा ख्याल गर्नैपर्छ । चीनले आफ्नो शासन प्रणालीलाई अनुशासित र सबल प्रणालीका रूपमा चित्रण गर्दै आएको छ । उसले छिमेकमार्फत यसलाई प्रचार गर्ने नीति लिएको छ । छिमेकनीति स्पष्ट पारेर चीन आफ्नो प्रभावमा दत्तचित्त भएको विज्ञहरूको टिप्पणी छ ।

यस्तो सहकार्यले सत्तारुढ दललाई फाइदा भए पनि मुलुक हार्ने धारणा उनीहरू राख्छन् । सत्तारुढ दल एकातिर ढल्किँदा नेपालको विदेशनीतिमा असामञ्जस्यता आउने उनीहरूको तर्क छ । नेकपाभित्र चीनसँग नजिक हुने प्रतिस्पर्धा चलेको छ ।

राजनीतिशास्त्रका प्राध्यापक श्रीधर खत्रीले यसलाई 'बेमौसमी बाजा' को संज्ञा दिएका छन् । 'यस प्रकारको प्रशिक्षण चाकडीको हद र अनावश्यक हो । हामी बहुदलीय लोकतान्त्रिक व्यवस्थामा छौं,' उनले मंगलबार भने- 'सीको विचार एक मुलुक एक दल (एकदलीय व्यवस्था) मा केन्द्रित छ त्यसैले विचारै मिल्दैन अन्य अनुभव सुन्न मिल्ला तर अवधारणाको प्रशिक्षण फरक हो ।'

सरकारसँग दुईतिहाइ समर्थन रहे पनि सिद्धान्ततः संविधानअनुरूप अघि बढ्नुपर्ने सुझाव उनले दिए । 'नेकपा बहुदलीय व्यवस्थामा प्रतिबद्ध छ, उसको घोषणापत्रमा पनि त्यही छ,' उनले भने- 'तर, अहिलेको प्रशिक्षण एकदलीय संरचनाको हुँदा सिद्धान्त भएकाले मेल खाँदैन ।'

नेपालले बदलिँदो कूटनीतिक परिवेश र राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर सावधानीपूर्वक कदम चाल्नुपर्ने उनले बताए । 'भारत र चीनका राष्ट्र एवं सरकार प्रमुखको भ्रमण हुनु राम्रो नीति हो'- उनले भने । नेकपामा 'सी विचारधारा' प्रतिको आकर्षण बढ्दो देखिँदा त्यसतर्फ ढल्किएको हुन सक्ने उनको विश्लेषण छ ।

# पूर्वराष्ट्रपति यादवको उपचार खर्च व्यहोर्ने सरकारको निर्णय

**काठमाडौं ।** मन्त्रिपरिषद्को बैठकले पूर्वराष्ट्रपति रामबरण यादवको उपचार खर्च व्यहोर्नेसहित सरकारले नेपाल सरकार र अष्ट्रेलिया सरकारबीच हवाई सेवा सञ्चालन गर्ने सम्झौतामा हस्ताक्षर गर्ने निर्णय पनि गरेको छ ।

सरकारका प्रवक्ता सूचना सञ्चार तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटाका अनुसार गत शनिबार बसेको सो बैठकले यादवलाई भारतको चण्डिगढस्थित अस्पतालमा उपचार गराउँदा लागेको खर्च उपचारसँग सम्बन्धित बिल बमोजिमको रकम नयाँ दिल्लीस्थित नेपाली दुतावासमार्फत भुक्तानी गर्ने निर्णय गरेको हो ।

मन्त्री बाँस्कोटाले सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा उक्त निर्णय सुनाएका हुन् । सोही बैठकले नेपाल ट्रष्ट पहिलो संशोधन नियमावली, २०७६ स्वीकृत गर्नुका साथै मोरङ जिल्ला प्रशासन कार्यालयबाट जारी भएको शम्भुप्रसाद मण्डलको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने निर्णय पनि गरेको हो ।

यस्ते एसिड आक्रमणबाट घाइते भएका जेनी खड्का र मुस्कान खातुनलाई उपचार खर्च एवं जीवनयापन गर्न जनही तीन लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने एवं चितवन जिल्ला, भरतपुर महागरपालिका- १६ को वडाध्यक्षको रिक्त पदपूर्तिका लागि आगामी मंसिर १४ गते शनिबार उपनिर्वाचन हुने गरी मिति तोक्ने र सोको जानकारी निर्वाचन आयोगलाई दिने निर्णय गरिएको पनि गरेको छ ।

सोही बैठकले नेपाली नागरिकहरू नारायणप्रसाद अर्जल र महासेनानी रामजी थापालाई विदेशी मुलुकबाट पदक ग्रहण गर्न स्वीकृत दिने निर्णय समेत गरेको छ । मन्त्रिपरिषद्को उक्त बैठकले प्रहरी अतिरिक्त महानिरीक्षकको सरुवा गर्ने, उपरथी प्रभुराम शर्माको पदावधि एक वर्ष दुई महिना १५ दिन थप गर्ने, नेपाल प्रज्ञाप्रतिष्ठान र इजरायलको हिब्रु लेखक संघबीच वाङ्मय आदानप्रदान तथा सहकार्य गर्ने सम्बन्धी प्रस्तावित समझदारी पत्रमा नेपालको तर्फबाट हस्ताक्षर गर्न नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपतिलाई स्वीकृति दिने सहितका चौध वटा निर्णय गरेको हो ।

यस्तैगरी नेपाल सरकार र अष्ट्रेलिया सरकारबीच हवाई सेवा सम्झौतामा प्रारम्भिक हस्ताक्षर गर्ने निर्णयसहित शहरी पूर्वाधार विकास निगमको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिइएको छ ।

# 'सी विचारधारा' को प्रयोग र प्रचार नेपालबाट गरेको कांग्रेसको आरोप

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले नेपाललाई चिनले प्रशिक्षणका नाममा सि जिनफिङ विचारधारा प्रचार गर्ने थलोको रूपमा प्रयोग गर्न लागेको आशंका गरेको छ ।

काँग्रेसका केन्द्रिय सदस्य तथा पूर्वमन्त्री अर्जुननरसिंह केसीले चिनियाँ कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीबीच काठमाडौंमा भएको ६ बुँदे सहमति हस्ताक्षर कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली उभिनुले उक्त सहमति नेकपा र चिनियाँ कम्युनिस्ट पार्टीबीच मात्रै नभएर नेपाल र चीन सरकारबीच भएको जस्तो देखिएको भन्दै गम्भिर आपत्ति जनाएका छन् ।

रिपोर्टर्स क्लब नेपालले बिहीबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै उनले प्रशिक्षण कार्यक्रममा नेकपाका नेताहरूले चिनियाँ नेताहरूबाट गायत्री मन्त्र सुनेकै ढंगले कुरा सुनेको आरोप लगाए । 'मेरो सबैभन्दा ठूलो आपत्ति के छ भने-जुन ६ बुँदो सम्झौता भयो, त्यो कार्यक्रममा माधव नेपाल हुनुमा आपत्ति होइन, उहाँ त विदेश विभाग प्रमुख हो । प्रचण्ड हुनुमा पनि कुनै आपत्ति छैन् । उहाँ पनि पार्टीको नेता हो,' केसीले थपे- 'तर, प्रधानमन्त्री नै उभिनुलाई मैले गम्भिर रूपमा लिएको छु ।'

उनले पार्टी-पार्टीबीचमा भाईचारा सम्बन्ध राख्नु स्वभाविक सुनाउँदै केसीले प्रधानमन्त्री उभिनुको अर्थ यो दुई राष्ट्रबीचको सम्झौताजस्तो देखिएको भन्दै नेपालको भौगोलिक यथार्थता र बाध्यताहरू भएको एवं असंलग्नता र छिमेकीसँगहरूको सम्बन्ध रहेकाले यसले गम्भिर प्रभाव पार्न सक्ने आफ्नो सोच रहेको बताए ।

आफूहरूले 'पार्टी-पार्टीबीच भाईचारा सम्बन्ध स्थापित हुनुलाई साधारण रूपमै लिएको भन्दै उनले भने 'चिनियाँ कम्युनिस्ट पार्टीसँग नेपाली काँग्रेसको पनि भाईचारा सम्बन्ध छ । हामी त्यो सम्बन्धलाई जहिले पनि उच्चतम रूपबाट सम्मान गर्छौं ।'

पछिल्लो समय सि जिनफिङ विचाराधाराको नेपालमा प्रवेश गरेको आरोप लगाउँदै आफू आश्चर्यमा परेको बताए । 'प्रधानमन्त्री नेकपाको मात्रै अध्यक्ष होइन, मेरो देशको प्रधानमन्त्री, मेरो पनि प्रधानमन्त्री हो । त्यो हस्ताक्षर चीन र नेपालबीच हस्ताक्षर जस्तो देखियो,' केसीको टिप्पणी थियो ।

'त्यहाँ नेकपाको तर्फबाट एउटा कार्यपत्र प्रस्तुत भएर हामी कम्युनिस्ट हौं । हाम्रो कम्युनिस्ट व्यवस्था र पद्दती बहुदलीय प्रतिष्पर्धात्मक पद्दतीमा छ भनेर भनेको भए, त्यो बहुदलीय पद्दती र सि विचाराधार कहाँसम्म मेल खान्छ ? त्यो बाटो खुल्ने प्रयत्नभन्दा पनि कार्यपत्र उनीहरूको प्रस्तुत भयो । हाम्रा साथीहरू सुनेर बस्नुभयो । त्यसको अर्थ अब सि जिनफिङ विचारधाराको एकदलीय पद्दती कम्युनिस्टसँग हाम्रा कम्युनिस्ट पार्टी जान लाग्या हुन त ?' उनको हुटहुटी थियो

'अब ओपन डिप्लोमेसी मात्रै होइन, उसको सि विचाराधाराको प्रचार थलोको साउथ एशियामै प्रारम्भको रूपमा चाही चीनले नेपाललाई प्रयोग गरेको छ । हामी सि विचाराधारा होइन, विकास र कुटनीतिमा साझेदारी चाहन्छौं,' उनले थपे 'त्यहाँको आर्थिक विकास र प्रविधिको नमूनाहरूलाई नेपाल भित्र्याउन चाहन्छौं । तर, विचारधारा होइन ।'

## – संक्षिप्त समाचार –

# नेतृत्वमा स्पष्ट विचार र कठोर संगठनात्मक अनुशासन चाहिन्छ

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' कम्युनिस्ट नेता र कार्यकर्तामा उच्च नैतिकता कडा अनुशासन हुनुपर्ने टिप्पणी गरेका छन् ।

जनताको मन जितेर कुनै पनि रूपान्तरण तथा कम्युनिस्ट पार्टीको नेतृत्व गर्न लायक हुनका निम्ति कम्युनिस्टहरूमा स्पष्ट विचार र संगठनात्मक अनुशासन एवं नैतिक बल आवश्यक पर्ने विश्लेषण गरेका हुन् ।

सोमबार काठमाडौंमा आयोजित नेपाल कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताको संयुक्त विचार आदनप्रदान बैठकलाई सम्बोधनका क्रममा अध्यक्ष प्रचण्डले विचारको स्पस्टता र संगठनात्मक अनुशासनले मात्रै कम्युनिस्ट पार्टीको औचित्य पुष्टी गर्न सक्ने तर्क पेश गरेका हुन् ।

'साझा प्रयत्न, साझा लगानी र उपलब्धीमा साझा स्वमित्वबाट दिगो अन्ताराष्ट्रिय सम्बन्ध तथा साझा समृद्धि हाँसिल गर्न र हाम्रो भविष्य अन्तरनिर्भर छ भन्ने दृष्टिकोण राष्ट्रपति सिले ल्याउनु भयो,' चिनियाँ राष्ट्रपति सि जिनफिङको सफलताको प्रशंसा गर्दै अध्यक्ष प्रचण्डले भने ।

विकासोन्मुख मुलुकलाई समेत साथै लिएर अघि बढ्ने चिनियाँ राष्ट्रपति सिको दृष्टिकोण विश्वभर बहसको रूपमा रहेको चर्चा गर्दै अध्यक्ष दाहालले सामाजिक न्यायका आधारमा समाजवाद निर्माण गर्ने हाम्रो लक्ष्य रहेको समेत बताए । नेपालको संविधानले यसै विषयलाई आधार बनाएको उनको भनाइ थियो ।

# नेपालमा लगानी गर्न प्रवासी नेपालीलाई ऊर्जामन्त्रीको आग्रह

**काठमाडौं ।** समृद्ध नेपालका लागि ऊर्जाको महत्त्व र प्रवासी नेपालीको भूमिका विषयक वृहत अन्तरक्रिया कार्यक्रममा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन तथा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ सोमबार जापान पुगेका हुन् ।



चारदिने जापान भ्रमणमा रहेका मन्त्री पुनले जापानी लगानी कर्ताहरूसँग बिहीबार अन्तरक्रिया गरेका छन् । जापानी सहयोग नियोग जाइकाको समन्वयमा भएको पछिल्लो अन्तरक्रियाका क्रममा जलविद्युत उत्पादन तथा प्रसारणसँग सम्बन्धित विभिन्न २५ कम्पनीका एक सयभन्दा धेरै लगानीकर्ता सहभागी थिए ।

अन्तरक्रियामा नेपालका तर्फबाट मन्त्री पुनका साथै कार्यकारी निर्देशक घिसिङ एवं सहसचिव तोयानाथ अधिकारीले जापानी लगानीकर्तालाई नेपालको अवस्थाबारे जानकारी गराए । हाल नेपालमा राजनीतिक स्थिरता, सुरक्षाको ग्यारेन्टी, विद्युत उत्पादन तथा विक्रीका लागि सहज कानुनी अवस्था रहेकाले वैदेशिक तथा स्वदेशी लगानीका निम्ति उत्तम वातावरण रहेको मन्त्री पुनले जानकारी दिएका थिए ।

यसैबीच उनले जापानी लगानीकर्तालाई नेपाली लगानीकर्ता सरहका सुविधा दिने, उत्पादित विद्युत नेपाल सरकारले किन्ने ग्यारेन्टी गर्ने, उत्पादकले चाहेमा छिमेकी देशमा बेच्ने वातावरण समेत बनाइदिने प्रतिबद्धता समेत व्यक्त गरेको बताइन्छ ।

सोही क्रममा नेपालमा लगानी गर्न उत्साही भएको जवाफमा जापानी लगानीकर्ता तथा जाइकाका प्रतिनिधिले फर्काएका थिए । जाइकाका दक्षिण एसिया विभागका महानिर्देशक, सर्वेक्षण विभागका अधिकारीलगायतले कार्यक्रममा आ-आफ्ना अनुभव सुनाए । जापानमा जलविद्युतको क्षेत्रमा काम गरिरहेका तोसिबा, कान्साई, टोकियो इलेक्ट्रोनिक्स, न्युजेक इलेक्ट्रोनिक्सलागयत पच्चीस वटा कम्पनी कार्यक्रममा सहभागी रहेका थिए ।

यस्तै जाइकाको केन्द्रीय कार्यालयमा आयोजित अन्तरक्रियामा जापान सरकार मातहतको विकास नियोग जाइकाले जाजरकोटमा निर्माणाधीन चारसय १७ मेगावाटको नलसिंहगाड जलविद्युत अयोजना बनाउने जनाएको छ । जाइकाका अधिकारीहरूले सो परियोजनामा थप लगानी गर्न जापान सरकार तयार रहेको जानकारी दिएका हुन् ।

यस्तैगरी ऊर्जामन्त्री पुनको प्रमुख आतिथ्यता र घिसिङको विशेष उपस्थितिमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को त्यहाँस्थित भातृ संगठन प्रवासी नेपाली एकता मञ्चद्वारा आयोजित यसअघिको अन्तरक्रिया कार्यक्रममा झन्डै पाँच सय नेपाली उपस्थित सम्पन्न भएको थियो ।

# नेकपा र चिनियाँ कम्युनिस्ट पार्टीबीच विचार आदानप्रदान

**काठमाडौं ।** पहिलो पटक हाले सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र चिनियाँ कम्युनिस्ट पार्टीबीच विचार आदानप्रदान गर्न राजधानी काठमाडौंमा आयोजित विचारधारात्मक बैठकबाट आपसमा सिक्ने र सिकाउने ऐतिहासिक अवसर प्राप्त भएको भन्दै सहभागी नेताहरूले विरोधीहरूलाई चिनले प्रशिक्षण दियो भनेर भ्रमपूर्ण कुर्तक गर्दै अत्तालिनुको कुनै तुक नरहेको बताएका छन् ।

काठमाडौंमा सोमबार र मंगलबार दुई दिनसम्म चलेको सो बैठकमा चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव तथा वर्तमान राष्ट्रपति सी जिनफिङको विचारधाराबारे चिनियाँ र नेपाल कम्युनिस्ट पार्टीको धारणा एवं नेपाल र चिनियाँ कम्युनिस्ट पार्टीबीच विचारधारात्मक छलफलबाट आत्तिएकाहरूले 'नेकपा अब सी को विचारधारामा ढलियो' भन्दै दुष्प्रचार थालेको हुन् ।

नेपाल कम्युनिस्ट पार्टीका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'सहित उच्चस्तरका नेता एवं चिनियाँ कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय विभाग प्रमुख सोङ ताओसहितका नेता तथा विज्ञहरूको सहभागितामा सो बैठक सम्पन्न भएको हो ।

नेकपाको केन्द्रीय पार्टी स्कुल विभाग र चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागको संयुक्त आयोजनामा भएको सो बैठक विचार र आपसी सिकाई आदानप्रदानका हिसाबले महत्वपूर्ण भएको नेताहरूले बताएका छन् । दुई देशबीचको ७० वर्ष पुरानो भाइचाराको सम्बन्ध रहेको र नेपाल चीन सम्बन्ध राजकीय पार्टी हुनुको नाताले मात्रै होइन, विचारधारात्मक दृष्टिकोणले पनि उच्च रहेको नेकपाका केन्द्रीय प्रचार विभागका उपप्रमुख सूर्य थापाले बताए ।

चिनियाँ कम्युनिस्ट पार्टीको आठौं महाधिवेशनमा भाग लिन जाँदा मनमोहन अधिकारीलाई माओत्सेतुङ स्वयंले विमानस्थलमा स्वागत गर्नुभएको स्मरण गर्दै दुई पार्टीबीचको सम्बन्ध कति पुरानो थियो भन्ने प्रष्ट हुने उनको भनाइ थियो ।

माओत्सेतुङको नेतृत्वमा क्रान्ति सम्पन्न भएपछि चिनियाँ विशेषतासहितको समाजवाद त्यसपछिका नेताहुँदै सी जिनफिङसम्म आइपुग्दा चिनियाँ कम्युनिस्ट पार्टी स्थापनाको १०० वर्ष र नयाँ चीन निर्माण गरेर अगाडि बढेको ७० वर्ष पुगेको अवसरमा आयोजना भएको यो ऐतिहासिक कार्यक्रम सिकाइको महत्वपूर्ण चरण भएको सहभागी नेताले बताए । 'यो विचारधारात्मक छलफल हो, चिनियाँ कम्युनिस्ट पार्टीले प्रशिक्षण दिएको भन्ने हिसाबले अपव्याख्या गरिएको छ, त्यो होइन, चीन समृद्धि, आधुनिकीकरण, विकास र गरिबी निवारणको जुन उचाइमा पुगेको छ, हाम्रो जस्तो विकासशील र कतिपय अल्पविकसित राष्ट्रका लागि ती अनुभवहरू महत्वपूर्ण हो', उपप्रमुख थापाको भनाइ थियो ।

चीनले सन् २०१३ बाट शुरु गरेको बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) नयाँ योजनाले संसारका विभिन्न देशलाई एउटै कनेक्टीभिटीमा जोडेर जुन विकास र विस्तारको कुरा अगाडि बढाएको छ, त्यसको सहभागी छिमेकी देश र हिमालय वारपारको सम्बन्ध भएको देशका हिसाबले पनि चीनसँग महत्वपूर्ण र समस्यारहित सम्बन्ध नेपालसँग रहेको सहभागीको विश्लेषण छ ।

कार्यक्रममा चिनियाँ अनुभव हामीले र हाम्रा अनुभव चिनियाँ पक्षले सिक्ने र सिकाउने मात्रै भए पनि विरोधीहरूले 'नेकपा अब सी को विचारधारामा ढलियो' भनेर मिथ्याको कुतर्क गर्दै अत्तालिनुको कुनै तुक नरहेको भन्दै थापाले 'हामीले सीको विचारधारा चिनियाँ अनुभवका रूपमा मात्रै लिएका छौं, त्यो विचारधारालाई अवलम्बन गर्ने कुनै छलफलको विषय बनेको छैन, चीनलाई बलियो बनाउने चिजबाट सिक्नुपर्ने धेरै छ, यसले पार्टी-पार्टीस्तरको सम्बन्धलाई पनि अझै उचाईमा पुऱ्याउँछ,' भने ।

नेकपाका स्थायी कमिटी सदस्य पम्फा भुषालले पहिलो पटक आयोजना गरिएको छलफल ऐतिहासिक भएको प्रतिक्रिया दिँदै चीनबाट सिक्ने यो महत्वपूर्ण अवसरको रूपमा लिएको बताइन् । 'वैचारिक राजनीतिसँगै समाजवाद निर्माणमा आर्थिक, सामाजिक, सांगठनिक विधि र परिचालनका सम्बन्धमा यसले हामीलाई पुनः स्मरण गरिदिएको छ' भुषालको भनाइ थियो ।

नेताहरूले 'समृद्ध नेपाल र सुखी नेपाली'को लक्ष्यका साथ अगाडि बढेको नेपालका लागि आधुनिकीकरण, विकास, गरीबी निवारण र पछौटेपनको अन्त्यका निम्ति चिनियाँ अनुभव सिक्न लायक रहेको टिप्पणी गरेका छन् ।

यसैबीच नेकपाका अर्का स्थायी कमिटी सदस्य लिलामणि पोखरेलले आर्थिक विकासलाई कसरी अगाडि बढाउने भन्नेमा चिनियाँ अनुभवले नेपालमा ठूलो भूमिका खेल्ने बताए । 'स्वभाविक रूपमा चीनको आर्थिक विकासको स्थिति के हो ? पार्टी अनुशासन कसरी पालना गर्नुपर्छ ? पार्टीका नेताले जनतासँग कस्तो सम्बन्ध बनाउनुपर्छ भन्ने कुरा यो रेफरेन्स हो,' पोखरेलले थपे 'उनीहरूको अनुभव लिने हो, आफूलाई अनुकूलअनुसार प्रयोग गर्ने र त्रुटि सच्याउने हो ।'

यस्तै स्कुल विभागका उपप्रमुख देवेन्द्र पौडेललेसी जिनफिङको विचार मान्ने कुरा नगरेको उल्लेख गर्दै यसअघि पनि विभिन्न पार्टीसँग अन्तरक्रिया गर्दै आएको र चीनबाट अनुभव सिक्ने कुरा गरेको जनाए ।

कार्यक्रममा सहभागी हुँदै नेपाल कम्युनिस्ट पार्टीका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड', पार्टीको स्कूल विभाग प्रमुख ईश्वर पोखरेललगायतका नेताहरूले छिमकी चीनको समृद्धि र विकासको नमूना अनुशरणयोग्य रहेको, नेपाली मौलिकताको समृद्धिका लागि यस्ता कार्यक्रम उपलब्धिपूर्ण हुने र दुई देशबीचको सम्बन्धलाई अझ उचाइमा पुऱ्याउन सहयोग पुग्ने विश्वास दिलाएका थिए ।

बैठकमा चिनियाँ कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय विभागका सदस्य काउ लीले सी जिनफिङको विचारधारा भनेको नयाँ युगको चिनियाँ विशेषतायुक्त विचारधारा भएको उल्लेख गर्दै दुई पार्टीबीचको पहिलो छलफल वैचारिक आदानप्रदानका हिसाबले कोशेढुंगा साबित हुने विश्लेषण गरे । यसैबीच चिनियाँ विशेषतासहितको समाजवाद, चीनको गरीबी निवारणमा भएको प्रयास, बिआरआइ तथा त्यसको उद्देश्य, भ्रष्टाचार नियन्त्रण र आर्थिक विकासमा चीनले गरेका क्रियाकलापका बारेमा चिनियाँ विज्ञ तथा कम्युनिस्ट पार्टीका विदेश विभागका सदस्यहरूले प्रकाश पारेका थिए ।

# जनताले फालेको राजतन्त्र फर्कने हल्ला मात्र हो : देउवा

**काठमाडौं ।** ठूलो संघर्षबाट नेपाली जनताले फालेको राजतन्त्र फर्कन्छ भन्नु मूर्खतापूर्ण हल्ला मात्र भएको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले ठोकुवा गरेका छन् ।



तुल्सीपुरमा नेपाल प्रेस युनियन दाङले गत शनिबार आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै देउवाले भने फालिएको राजन्त्र फेरि फर्कन्छ भन्नु गलत भएको प्रष्ट पारे । 'यो हल्ला मात्रै हो, कुनै पनि हालतमा राजतन्त्र फर्किँदैन,' देउवाको ठोकुवा थियो । देउवाले एनसेल र वाइडबडीका विषयमा आफ्नो नाम जोडिएमा आपत्ति व्यक्त गरे । 'मैले एनसेलको नाम पनि सुनेको छैन' उनको भनाइ थियो ।

# झुलाघाटमा पुल माग्दै अनशन

**काठमाडौं ।** नेपाल-भारत सीमानाका बैतडीस्थित झुलाघाटमा पक्की पुल निर्माणको माग गर्दै बाह्र दिन स्थानीयले रिले अनशन बसेका छन् ।

सरकारी पक्षबाट कुनै पहल नभएकाले अनशन जारी राख्न बाध्य भएका पुल निर्माण संघर्ष समितिका संयोजक नरबहादुर चन्दले जानकारी दिए ।

पक्की पुल निर्माणका लागि सबै दलका शीर्ष नेताले आश्वासन दिएको भए पनि कसैले पूरा नगरेकाले आफूहरू आन्दोलनमा उत्रिन बाध्य भएको बैतडीवासीले बताए । दुई दशकदेखि पुल निर्माणका लागि विभिन्न माध्यमबाट दवाब दिए पनि कुनै सुनुवाइ नभएपछि झुलाघाट पक्की पुल निर्माण सङ्घर्ष समितिको अगुवाइमा रिले अनशन बस्न बाध्य हुनुपरेको पुल निर्माण संघर्ष समितिले बताए ।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
रामेछाप पोष्ट
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
जनप्रवाह साप्ताहिक
खोजीखोजी पढ्ने गरौं ।

# फेसबुकले हजारौं एप्सलाई किन गऱ्यो निलम्बन ?

**काठमाडौं ।** सामाजिक सञ्जाल फेसबुकले हजारौं 'एप्स' लाई 'निलम्बन' (सस्पेन्ड) गरेको छ । मार्च, २०१८ को क्याम्ब्रिजको विश्लेषणात्मक तथ्यांकका कारण अध्ययनका लागि ती एप्सलाई निलम्बन (सस्पेन्ड) गरिएको फेसबुक कम्पनीले जनाएको छ ।

निलम्बनमा परेका एप्समध्ये झन्डै चार सय सफ्टवेयर निर्माता छन् । आफ्ना प्रयोगकर्तासँग सम्बन्धित विवरणहरू चोरी हुने गरी भएको 'क्याम्ब्रिज काण्ड' पछि फेसबुकले ती एप्सहरूलाई निलम्बन गरेको हो । सबै एप्स जोखिमपूर्ण नभएको फेसबुकले स्पष्ट पारेको छ । सन् २०१८ मा 'क्याम्ब्रिज एनालिटिका' नामक कम्पनीले धेरै फेसबुक प्रयोगकर्ताको विवरण चोरेको तथ्य बाहिरिएको थियो ।

निलम्बनमा परेका एप्स तथा शंकास्पद निर्माताबारे फेसबुकले कुनै जानकारी दिएको छैन । निलम्बनमा पर्दैमा एप्सले मानिसलाई जोखिममा पारेको निश्कर्ष निकाल्न नमिल्ने फेसबुकद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख छ ।

फेसबुकबाट लिइएको विवरण अरूलाई दिएको वा मानिसको परिचय खुल्ने गरी सार्वजनिक गरेको पाइएपछि केही एप्सलाई पूर्ण रूपमा प्रतिबन्ध लगाइएको कम्पनीले जनाएको छ ।

# किन भए तीन हेलिकप्टर आकस्मिक अवतरण

**काठमाडौं ।** संखुवासभाबाट काठमाडौंतर्फ उडेका तीनवटै हेलिकप्टर खोटाङको रेग्मीटारमा आकस्मिक अवतरण गरिएका छन् ।



अरुण जलविद्युत आयोजना अनुगमनका लागि कर्मचारी सवार मौसम बिग्रिएपछि बीचैमा अवतरण गरिएका हुन् ।

जिल्ला प्रहरी कार्यालय खोटाङका अनुसार बिहीबार दिउँसो मौसममा खराबी आएका कारण आयोजनाको अनुगमनमा गएका विद्युत प्राधिकरणका कर्मचारीहरू सवार अल्टिच्युटका दुई र सिम्रिक एयरको एक हेलिकप्टर रेग्मीटारमा अवतरण भएका हुन् ।

# 'कार्यान्वनभन्दा संविधान संशोधनको हतारो किन ?'

**काठमाडौं ।** सरकार प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनबीच आवश्यकता र औचित्य पुष्टि भए मात्रै संविधान संशोधन हुने बताएका छन् ।

नेपाली जनताको लामो संघर्ष र ठूलो बलिदानीको प्रतिफल स्वरुप प्राप्त भएको संविधान कार्यान्वयनभन्दा पहिले संशोधनको हतारो किन पऱ्यो भन्दै प्रश्न गरे ।



'संविधान कुरान, बाइबल, पुराण र रामायण नभएकाले परिवर्तन नै हुन्न भन्ने मान्यता राख्न हुँदैन । यो गतिशील दस्तावेज हो,' भन्दै मन्त्री बाँस्कोटाले संविधान परिवर्तनीय दस्तावेज भएकाले समयक्रमअनुसार नै आवश्यकताको आधारमा परिवर्तन हुने दोहोऱ्याए ।

संविधान कार्यान्वयनको अवस्थामा रहेकाले यसको व्यावहारिक कार्यान्वयन अहिलेको आवश्यकता भएको उल्लेख गर्दै उनले थपे 'जनताको प्रगति, देशको अग्रगति, लोकतान्त्रिक प्रणाली, न्यायपूर्ण समाज र राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ताको विषयमा कुनै कुराले बाधा परेको भए ती विषयलाई हेरेर संशोधन गर्न सकिने बताए ।

मन्त्री बाँस्कोटाले कोही कसैलाई 'रहर लागेको भरमा' संविधान संशोधन हुन नसकने स्पष्ट पारे । संविधानका कारण कसको सम्मान, अधिकार वा कुनै विषयमा अपुग भएको हो भन्ने पुष्टि भए, आम रूपमा त्यो विषय स्वीकार्य भएको अवस्थामा नेपाली जनताले आफ्ना लागि लेखेको संविधान आफैं संशोधन गर्न सक्ने मन्त्री बाँस्कोटाको भनाइ थियो ।

नेपाली जनताले लिपिबद्ध गरेको संविधानको कार्यान्वयन द्रुतगतिमा आफ्नो लय पक्डेको भन्दै उनले संविधानमा व्यवस्था भएका मौलिक हकसँग सम्बन्धित विषयलाई सरकारले क्रमश कार्यान्वयन गर्दै लगेको र केही विषय भने विस्तारै अगाडि बढ्ने उल्लेख गरे ।

'कुनै पनि विषय घोषणा गरेर मात्र हुँदैन, त्यसलाई क्रमशः कार्यान्वयनमा लैजानुपर्छ । आर्थिकरूपले पछाडि परेका विपन्न समुदायलाई अरुसरह बनाउन त संविधानले नै मार्गदर्शन गरेको छ,' मन्त्री बाँस्कोटाको भनाइ थियो । खाद्य सम्प्रभुता, शिक्षा, स्वास्थ्य, रोजगारीलगायत मौलिक हकसँग जोडिएका केही विषय कार्यान्वयनमा गइसकेको पनि मन्त्री बाँस्कोटाले बताए ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई ६ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## संविधान...

महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, जनजाति, मधेसलगायत विभिन्न आन्दोलनमा सहभागी जनसमुदायमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।'

संविधानबाट संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन पुगेको स्मरण गर्दै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, कानुनी राज्यजस्ता लोकतन्त्रका अवयवहरूको जगमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिका लागि दिशानिर्देश भएको उनले बताएका छन् ।

नेपालमा बसोवास गर्ने समस्त आदिवासी, जनजाति, महिला, दलित, अल्पसंख्यक, मुसलमान, मधेसी, थारु, उत्पीडित, पिछडिएका वर्ग, क्षेत्रलगायत सम्पूर्ण नेपालीले आजसम्मको संघर्षबाट प्राप्त गरेका हक-अधिकार र अवसरको सुनिश्चिततालाई संविधानले संस्थागत गरेको दावी अध्यक्ष प्रचण्डले गरेका छन् ।

'जनताको लामो र बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिलाई उल्टाउने दिवासपना केही अराजक तत्त्वहरूले देख्ने गरेका छन्,' प्रचण्डले सन्देशमा लेखेका छन्- 'जनतालाई भ्रममा पार्ने त्यस्ता अराजक तत्त्वहरूको प्रतिवाद गर्दै सम्पूर्ण संघीय लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरूलाई एकताबद्ध हुन संविधान दिवस, २०७६ ले प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।'

## माफिया...

नेत्रविक्रम चन्द 'विप्लव' को छोरा हुँ ।

विभिन्न सञ्चार माध्यममार्फत् तपाईंको स्वास्थ्य अवस्थाबारे जानकारी लिइरहेको हुन्छु । तपाईंका अभिव्यक्ति पनि सुन्छु । म आफैं स्वास्थ्य क्षेत्रमा भएकाले पनि होला, तपाईंको स्वास्थ्य अवस्थाबारे अलि बढी नै चासो दिन्छु । तपाईंको स्वास्थसँगै मुलुकमा स्वास्थ्य सेवाको स्थितिप्रति पनि हामी चिन्तित छौं । मुलुकमा स्वास्थ सेवाको स्थिति भयावह र विकराल नै छ । त्यस्तै समस्याग्रस्त छ, चिकित्सा शिक्षा ।

विद्यार्थीहरूले भोगिरहेको यही चिकित्सा शिक्षाको समस्यालाई लिएर सम्माननीय प्रधानमन्त्रीज्यू, तपाईंलाई यो पत्र लेख्दैछु । यो संवेदनशील विषयमा तपाईंलाई पूरै जानकारी नहुन सक्छ । तपाईंलाई यो विषयको सही जानकारी नगराइएको पनि हुन सक्छ । विषयवस्तु तोडमोड गरिएको पनि हुन सक्छ । किनभने, मेडिकल शिक्षा क्षेत्रका माफिया धेरै बलिया छन् । उनीहरू सही मुद्दालाई गुमराहमा पार्ने क्षमता राख्छन् । सत्तामा भएका मानिसहरूसँगको मिलिभगतमै उनीहरूले यस्तो गरिदिन्छन् ।

मैले 'माफिया' भनेको के हो सुनेको थिएँ, थाहा भने थिएन । चितवन मेडिकल कलेजलगायत देशैभरिका निजी मेडिकल कलेजहरूमा विद्यार्थीमाथि चरम शोषण हुन थालेपछि मैले 'माफिया' भनेको के रै'छ भनेर खोजें । हामीमाथि दमन भएपछि पनि खोजें । माफिया इटलीबाट उत्पत्ति भएको शब्द रै'छ । माफियाको प्रभाव सडकदेखि सत्तासम्म हुँदो रहेछ । उनीहरूको पहुँच कर्मचारी, प्रशासन, प्रहरी, राजनीतिज्ञ- सबैसम्म हुँदो रहेछ ।

सत्ता पनि उपयोग गरेर उनीहरू आफ्नो स्वार्थ पूरा गर्दा रहेछन् । उनीहरू विरूद्धका आवाज दबाउँदा रहेछन् ।

प्रधानमन्त्रीज्यू,

नेपालको मेडिकल माफिया पनि त्यस्तै छ । उसको पनि पहुँच व्यापक छ । उनीहरूविरूद्ध हाम्रो संघर्षले आज महिना दिन नाघ्यो । पठनपाठन नै रोकिएको दुई साताभन्दा बढी भइसक्यो ।

दिनहुँजसो विरोधसभा चलेको छ । प्रहरी-प्रशासनले हामीलाई न्याय दिनुको सट्टा उल्टो दमन गरेको छ । यो अवधिमा हामीलाई धेरै पटक प्रहरीले लाठी हाने । लगेर थुने । धेरै धम्की आयो ।

अझै विडम्बना नै भनौं प्रधानमन्त्रीज्यू, 'समाजवादउन्मूख' सरकारको प्रधानमन्त्रीको कार्यालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, डिनको कार्यालय, चिकित्सा शिक्षा आयोग र चिकित्सा शिक्षाको संसदीय समितिको वरपर लहरै बसेर मेडिकल माफियाले विद्यार्थीको आवाज दबाइरहेका छन् ।

हामी हाम्रो कुरा भन्दा जाँदा सरोकारवाला निकाय किन माफियाको खल्तीमा लुके झैं गर्छन् ? किन हाम्रो कुरा सुन्दैनन् ? आम नागरिकले तिरेको करको पैसाले चलेको न्यायालय, प्रशासन र सरकारी निकायलाई उनीहरूले पनि ठूलो वैकल्पिक बजेट छुट्याउँछन् कि के हो, हाम्रो कुरै सुन्दैनन् । हामीलाई न्याय दिँदैनन् । हामी विद्यार्थीले त अन्याय भयो भन्ने ठाँउ पनि पाएनौं ।

प्रधानमन्त्रीज्यू,

तपाईंकै मन्त्रिपरिषदले एमबीबीएस, नर्सिङ पढ्ने विद्यार्थीले मेडिकल कलेजलाई कति शुल्क तिर्ने भनेर अंक तोकेको छ । विद्यार्थी भर्ना हुन कलेज पुग्दा 'सरकारले तोकेको शुल्कले हुँदैन, तिमीहरू थप पैसा तिर' भन्छन् । 'तिमीहरूले नतिरे अर्काले तिर्छ, सिट सीमित छ' भन्छन् । विद्यार्थी र अभिभावकलाई चेपुवामा पारेर अतिरिक्त शुल्क तिराउँछन् ।

यसरी एमबीबीएस पढ्ने एक जना विद्यार्थीबाट १२ लाख रूपैयाँ ठगिएको छ । १०० जना विद्यार्थी भर्ना हुँदा वर्षेनि १२ करोड भयो । यो एक किसिमको डकैती नै हो ।

किनभने, यो प्रहरी-प्रशासन, न्यायालय र सरोकारवाला निकायका अगाडि हाकाहाकी गरिएको छ । कुनै डरविना, निसंकोच गरिएको छ ।

गण्डकी मेडिकल कलेजमा हाम्रा विद्यार्थी साथीहरूले झन्डै दुई महिना आन्दोलन गरेपछि मेडिकल कलेजहरूले लिएको शुल्क फिर्ता गर्न शिक्षा मन्त्रालयले लिखित निर्देशन दियो । त्यो निर्देशन दिएको आज छ महिनाभन्दा बढी भयो, कार्यान्वयन भएको छैन ।

मेडिकल माफियाहरू त 'शिक्षा मन्त्रालयको निर्देशन नै अवैधानिक हो' भन्दैछन् ।

यहाँ माफिया वैधानिक, सरकार अवैधानिक हो र ?

यही ताल हो भने प्रधानमन्त्रीज्यू, नेपालको चिकित्सा क्षेत्र तपाईंले सोचेजस्तो 'सागरमाथा हेर्दै औषधि खाने र सगरमाथाको काखमा शल्यक्रिया गर्ने विश्वको उदाहरणीय क्षेत्र' बन्न सक्दैन । लूटतन्त्रको उदाहरण भने यो अहिले नै बनिसक्यो ।

प्रधानमन्त्रीज्यू,

हामी हृदयदेखि तपाईंलाई अनुरोध गर्न चाहन्छौं- कृपया, यो पत्रलाई अन्यायमा परेका विद्यार्थीको उजुरी मानेर तपाईंले पहल गरिदिनोस् । सबै सरोकारवाला निकाय र पीडित विद्यार्थीलाई सँगै राखी हामीलाई न्याय दिनुहोस् ।

विद्यार्थी र अभिभावकलाई मेडिकल माफियाको पञ्जाबाट छुटकारा दिलाइदिनुहोस् । तपाईंमा अडिएको हाम्रो आशालाई मर्न नदिनुहोस् । नत्र न्याय मर्नेछ, देश मर्नेछ ।

***अन्यायमा परेका विद्यार्थीहरूको प्रतिनिधिः प्रकाश चन्द***

(सामाजिक सञ्जालबाट)

## अधिकारीको...

नदिने जानकारी नेता गौतमले दिएका हुन् । सामाजिक सञ्जाल 'फेसबुक' पेजमा 'स्ट्याटस' लेख्दै आउँदो उपचुनावमा आफूले उम्मेदवारी नदिने जानकारी सचिवालयको बैठकमा गराएको नेता गौतमले जनाएका हुन् ।

नेता गौतमले 'स्ट्याटस' मा लेखेका छन्- 'आज बसेको हाम्रो पार्टीको सचिवालय बैठकलाई मैले आफू कास्की जिल्लाको रिक्त प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी नदिने जानकारी गराएको छु । मलाई त्यहाँबाट निर्वाचनमा भाग लिन अनुरोध गर्नुहुने हाम्रो पार्टीका आदरणीय अध्यक्षद्वय कमरेडसहित पार्टीका समस्त सहयोद्धाप्रति म हार्दिक आभार प्रकट गर्दछु ।'

आफू धेरै मतले अगाडि भए तापनि गत प्रतिनिधिसभा निर्वाचनमा वर्दियाबाट नियोजित रूपमै पराजित गराइएको गौतमले आरोप लगाउँदै आएका छन् ।

'फेसबुक स्ट्याटस' मै गौतमले फेरी लेखेका छन्- 'यसअघि २०७४ मा प्रतिनिधिसभा सदस्य पदका लागि आफ्नो पुरानो निर्वाचन क्षेत्र बर्दिया-१ बाट उम्मेदवार भएको यहाँहरूमा विदितै छ । उक्त निर्वाचनमा तत्कालीन वाम गठबन्धनसँग विपक्षीको तुलनामा ३२ हजार मत बढी थियो ।

तर, म पराजित हुनुपर्‍यो । त्योभन्दा अत्यन्त कम मतान्तर रहेको कास्कीमा निर्वाचन उठ्नु भनेको म फेरि पराजित हुनु हो ।'

आफू कास्कीबाट उपचुनावमा उम्मेदवार बने फेरि पनि हार्ने नेता गौतमले बताएका छन् । यसअघि २०७४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा बर्दिया- १ बाट उठेका गौतम कांग्रेसका सञ्जयकुमार गौतमसँग ७४३ मतले पराजित भएका थिए । सञ्जयकुमार गौतमले ४४ हजार ८ सय २९ मत प्राप्त गर्दा वामदेवले भने ४४ हजार ७६ मत प्राप्त गरेका थिए ।

कास्की- २ मा आफूभन्दा पनि स्थानीय नेताहरू उठ्दा सहज तरिकाले जित हात पार्ने भन्दै पहिलो हकदार कास्कीकै स्थानीय नेता भएको नेता गौतमले बताएका छन् । तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीको निधन भएपछि कास्की- २ मा प्रतिनिधिसभा सदस्यको पद रिक्त भएको हो ।

## राष्ट्रपतिद्वारा...

उनको आग्रह थियो ।

यस्तै अर्को सन्दर्भमा तीव्र रूपमा जलवायु परिवर्तन भइरहेकाले वातावरण असन्तुलित भई समय समयमा ठूल्ठूला क्षती हुने गरेको भन्दै अतिवृष्टि र अनावृष्टि कारण मानव जातिलाई जिवीकोपार्जनमा कठिनाइ उत्पन्न भएको उनको विश्लेषण थियो । सोही क्रममा राष्ट्रपति भण्डारीले चुरेको सम्बर्द्धन, जैविक कृषि उत्पादनमा जोड दिएकी थिइन् ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटा, नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, विश्व प्रेस काउन्सिलका अध्यक्षसहितका सहभागीहरूले नेपाली सञ्चारका विषयमा आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

## संविधान...

पुनर्विचार गरौं ।

- मुलुक बन्ने ठोस आधारहरू छन् । हामीसँग हालसम्म दोहन नगरिएका प्राकृतिक स्रोत छन् । अनुकूल जलवायु छ । राजनीतिक स्थिरता छ । तपाईंहरूको मतबाट बनेको बलियो सरकार छ ।
- अहिले हामीलाई जनसांख्यिक लाभ पनि छ । हाम्रो जनसंख्यामा ३४ वर्षमुनिको संख्या- ६५.५ प्रतिशत छ । १४ वर्षमुनिका ३४.८ प्रतिशत किशोर/किशोरीहरूको संख्यालाई कटाउने हो भने पनि १५ देखि ३४ वर्ष उमेर समूहका सक्रिययुवासंख्या ३०.५ प्रतिशत छ ।६५ वर्ष माथिका पाकानागरिकको जनसंख्या त जम्माजम्मी ४ प्रतिशत मात्रै छ ।
- मलाई यसैमा हतारो छ । यो युवापंक्ति छिप्पिनु अघि विकासको तीव्रगतिको दौड पूरा गर्नुपर्छ । तब मात्रै गणतन्त्रपछिको नेपाली पुस्तालाई भाग्यमानी पुस्ता बनाउन सकिन्छ ।
- मलाई गर्व ती युवापंक्तिप्रति छ, जसले विभिन्न इनोभेटिभ प्रयासहरू थालेका छन् । कतिले वस्तु उत्पादनबाट, कतिले सेवा सिर्जना गरेर समाजलाई गुन लगाइरहेका छन् ।
- तर मलाई थोरै चिन्ता केही फुर्सदिलो युवापंक्तिको पनि छ, जसको ऊर्जा रचनात्मक सिर्जनामा भन्दा बढी सामाजिक सञ्जालमा बिना मुद्दाका विषयवस्तुमा हुने परिणामहीन बहसमा व्यतित भइरहेको छ ।
- मलाई चिन्ता एउटा हुर्किएको पुस्ताको पनि छ, जो समाजसँग संस्कार र सकारात्मक अनुभव साटासाट गर्न चुकिरहेको छ । 'क्रिटिकल अप्रोच'को नाममा सार्वजनिक प्लेटफर्मबाटै प्रवाहित उनीहरूका अभिव्यक्ति घृणा, द्वेष, अशिष्टता र परपीडनको भाषा बोल्न सिङ्गो समाजलाई प्रेरित गरिरहेको हो कि जस्तो भान हुन्छ ।
- मैले पटक-पटक भन्दै आएको छु, आजको आवश्यकता उशृंखलता र अराजकता हैन, सामाजिक सद्भाव, आपसी एकता र सहिष्णुता हो । आजको लडाइँ लोकतन्त्र प्राप्तिका लागि हैन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न र सुदृढ गर्नका लागि हो ।
- पाइला नै नचलाई कसरी दौडने? यथास्थितिमा रहेर परिवर्तनको अनुभूति कसरी दिने ? रूपान्तरण हैन प्रतिक्रिया, परिणामसँग साइनो नै नहुने प्रक्रियामा किन र कति अल्झिरहने ? विना-मुद्दाका विषयमा मूल मुद्दाजस्तो बहस/विवादको माहौल किन बनाउने ? अझै पनि 'हुँदैन/सकियो' जस्ता असन्तुष्टिको खेतीलाई उकेराकिन लगाउने ? अब हामीले तरिका फेर्नैपर्छ ।

यस आर्थिक वर्षबाट गरिने कामहरूलाई नतिजामुखी बनाउन कार्यसम्पादन सम्झौता शुरु गरिएको छ । प्रधानमन्त्रीसँग मन्त्रीहरूले, मन्त्रीहरूसँग सचिवहरूले र सचिवहरूसँग मातहतका अधिकारीहरूले नीति/कार्यक्रमद्वारा तय गरिएका एक वर्षमा गर्नुपर्ने प्रत्येक काम त्यस सम्झौतामा उल्लेख गरिएको छ ।

'अनुगमनको पनि अनुगमनलाई' थप प्रभावकारी बनाउन डिजिटल पोर्टल र एक्सन रुम सञ्चालनमा ल्याइएको छ ।

प्रदेशको काम प्रभावकारी बनाउन वरिष्ट सहसचिवहरूलाई प्रदेश सरकारको सचिवका रूपमा खटाइएको छ ।

प्रोत्साहन र दण्डको प्रणाली स्थापना गर्न विशिष्ट श्रेणीमा पदोन्नतिको आधार प्रदेश सरकारको कामलाई पनि बनाउने नीति शुरु गरिएको छ ।

फाइल बढुवाबाट सिर्जना हुने अकर्मण्यतालाई अन्त्यगर्न उमेर वा नोकरीको जेष्ठता हैन कार्यकुशलतालाई प्राथमिकतामा राखिने छ । 'पानीमाथिको ओभानो' बन्ने आकाङ्क्षामा आवश्यक निर्णयसमेत नगर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

राष्ट्रिय गौरवका रूपमा घोषणा गरिएका ठूला परियोजनाहरू सम्भव हुनेजतिलाई समयमै सम्पन्न गर्नेगरी टाइमलाइन तोकिएको छ । स्रोत नजुट्ने र विस्तृत परियोजना प्रतिबेदनसमेत नभएका परियोजनाहरूलाई थाँती राखिनेछ ।

रसुवाको टिमुरेमा निर्माणकार्य प्रारम्भ गरिएको सुक्खा बन्दरगाह ३० महीनामा सम्पन्न गरिनेछ ।

काठमाडौं-तराई/मधेश द्रूतमार्गको निर्माण सरकारको यही कार्यकालभित्र सम्पन्न गर्नेगरी विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको छ ।

यसै आर्थिक वर्षभित्र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनेछ । आगामी आर्थिक वर्षको अन्त्यसम्ममा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलसमेत सञ्चालनमा आउनेछ ।

नवलपरासीको धौवादीमा रहेको फलाम खानी सञ्चालन गर्न धौवादी फलाम खानी लिमिटेड स्थापना गरिएको छ ।

सुरुङ्मार्ग, रेलमार्ग, सतह जलमार्ग हुँदै पानीजहाज सपना पूरा गर्ने प्रारम्भिक तयारी पूरा भएको छ ।

अहिले हाम्रो अर्थतन्त्रको आकार लगभग रू. ३५ खर्बको छ । यो सरकारको सिङ्गो कार्यकालभित्र नेपाली अर्थतन्त्रको आकार रू. ५० खर्ब पुर्‍याइनेछ ।

**देशवासी दिदीबहिनी तथा दाजुभाइहरू,**

संविधान कार्यान्वयनको सन्दर्भमा हामी कोही पक्ष वा कोही प्रतिपक्ष होइनौं । यसमा कोही पक्ष, कोही प्रतिपक्ष हुँदैनन् भन्ने मेरो विश्वास छ ।

हाम्रो लोकतन्त्र फराकिलो छ, कतिपय अतिवादी सोच र संस्थाहरूलाई पनि यसले यसै अवधिमा मूलधारमा फर्काउन सफल भएको छ । जो अझै बाटो भुलिररहेका छन्, उनीहरूलाई पनि मूलधारमा आउन ढिला नगर्न मेरो आग्रह छ ।

नयाँ संविधान र त्यस अन्तर्गतको तीनै तहको आम निर्वाचन सम्पन्न भएसँगै राजनीतिक आन्दोलनको चरण अब समाप्त भएको छ । लोकतन्त्रलाई सुदृढ गर्ने र प्राप्त उपलब्धिलाई संस्थागत गर्ने प्रक्रिया जारी छ । अब पनि राजनीतिको नाममा शान्ति, सुरक्षा र राष्ट्रिय एकतालाई खल्बल्याउने काम कहीँकतैबाट भए संविधान र कानूनविपरीतका त्यस्ता कुनै पनि गतिविधि सरकारले रोक्छ ।

लोकतन्त्रको आधार जनता हुन्, जनतासँगै लोकतन्त्रका संस्थाहरू पनि हुन् । जनता बलियो हुँदा लोकतन्त्रका संस्थाहरू बलियो हुन्छन् । ती संस्थाहरू बलियो हुँदा लोकतान्त्रिक प्रणाली सदृढ हुन्छ । प्रणाली सुदृढ हुँदा आम जनतामा सेवा प्रवाह गर्न मद्दत पुग्छ ।

नागरिकमा लोकतन्त्रको लाभांशको समन्यायिक वितरण गर्ने जिम्मेवारी सरकारले वहन गर्छ । समृद्धिको सिर्जना, यसको सन्तुलन र दीगोपनाका लागि राज्य र नागरिकको बीचमा सदैव उच्चस्तरको समझदारी र एकतामा जोड दिन्छ । यसबाट नै हामी समृद्ध, सुखी, सभ्य र न्यायपूर्ण समाजको सिर्जना गर्न सक्दछौ भन्ने मेरो विश्वास छ ।

छिट्टै शुरु हुने दशैं, तिहारसहित विभिन्न चाडपर्वहरूको अग्रिम शुभकामना ।

धन्यवाद ।

**कोसेली मिडिया सपोर्ट प्रा.लि. का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं